# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौथो अधिवेशन

## (सैतिसौं बैठक)

## कारवाहीको सम्पूर्ण विवरण

## मितिः २०७६/६/८ गते विहान ११.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा विहानको ११ बजेर ५० मिनेटमा प्रारम्भ भयो।

## माननीय सभामुख

माननीय सदस्यहरु आजको वैठक प्रारम्भ हुन्छ। सर्वप्रथम शून्य समय प्रारम्भ हुन्छ। शून्य समयमा बोल्न चाहनु हुने माननीय सदस्यहरुका लागि १ मिनेट समय निर्धारण गरेको छु। निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाइ राख्नु हुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय श्री दीपक कोइरालालाई बोल्न समय दिन्छु।

## माननीय दीपक कोइराला

माननीय सभामुख महोदय, हामी नेपालीहरुको धार्मिक, सामाजिक, सांस्कृतिक चाडपर्वहरु विस्तारै अगाडि आइरहेका छन। यसको मौका छोपेर बजारमा मूल्य वृद्धि गर्ने, सामग्रीहरुको कृतिम अभाव खडा गर्ने र उपभोक्ताहरुलाई अनावश्यक रुपमा दु:ख दिने कार्यहरु अघिल्ला बर्षहरुमा हुँदै आएका हुन् र बजारबाट हामीले त्यो अनुभव गरिरहेकै कुरा हो। यसपालि पनि विस्तारै हाम्रो चाडपर्व नजिकिदै जाँदा बजारमा यस्ता गुनासाहरु आउन थालेका छन् कि मूल्य वृद्धि हुन गैरहेको सामग्रीहरुको अनावश्यक रुपमा कृतिम रुपमा अभावहरु खडा गरिएको जस्ता कुराहरु फेरि पनि बजारमा सुरु भएका छन त्यसकारण सबै भन्दा पहिला यो सम्मानित सभा

मार्फत यो कार्य नगर्नको लागि आम बजारका ब्यवसायीहरुलाई अनुरोध गर्न चाहन्छु। सँगसंगै यसको प्रभावकारी अनुगमन हुन नसकि रहेको आम गुनासाहरु पनि आइरहेका छन र अहिले पहिलो पटक हामीले तिन तह सरकार सञ्चालन गरिराख्दा यसको अनुगमन कसले गर्ने भन्ने अन्योलता पनि सुरु भएको जस्तो अनुभव भैरहेको छ यसकारण यस्ता  कार्यहरुलाई रोक्नको लागि र बजारलाई सहज बनाउन र हाम्रा यस्ता खालका चाडपर्वहरुलाई सहजतापूर्वक हामीले अगाडि बढाउन सक्ने आम नागरिकहरुले अगाडि बढाउन सक्ने वातावरण निर्माण गर्नका लागि म प्रदेश सरकारसँग विनम्रतापूर्वक आग्रह गर्दछु धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्यहरु शून्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरु अव विशेष समय प्रारम्भ हुन्छ। निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आफ्नो भनाइ राख्नु हुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय सदस्य श्री रामजी प्रसाद बराल (जीवन) समय १० मिनेट ।

## माननीय रामजी प्रसाद बराल (जीवन)

माननीय सभामुख महोदय , महामारीको रुपमा फैलिएको डेङ्गु ज्वरो अथवा डेङ्गु रोग हाल सम्म पनि नियन्त्रणमा आएको छैन। गत वर्ष असोजबाट पौष सम्म ज्वरो रहिरेको थियो भने अहिले साउनबाट नै सुरु भएको छ। जुन रोगको औषधि नै छैन हामी सवैले वुझेका  पनि छौ। यसरी हेर्दाखेरि पोखरा महानगरपालिका वडा नं ८ र ९ सबभन्दा बढी असर प्रभाव पार्ने वडाको रुपमा पनि हामी सबैले बुझेकै छौँ। सँगसँगै हामी के पनि देखेका छौ भने सावधानी अपनाउने र नियन्त्रण गर्ने सन्दर्भमा महानगरपालिकाले  निरन्तर प्रयास गरेको कुरा पनि हामीलाई जानकारी छ। त्यतिमात्र हैन गण्डकी प्रदेश सामाजिक मन्त्रालयले पनि अभियानको रुपमा हप्ताको दुई दिन मन्त्री र सांसदलाई नै खटाएको कुरा पनि हामीलाई विदितै छ। जसरी हामी आफ्नो

जिम्मेवारीलाईलिएर बस्ती बस्तीमा जाँदा सावधानीमा कमी भएको हामी देख्छौ। सावधानी जुन ढङ्गगले अपनाउनुपर्ने हो त्यो ढङ्गको सावधानी अपनाएको देखिदैन। त्यतिमात्र होइन कुरा के पनि आएको छ भने खानेपानी नियमित रुपमा आउदैन खानेपानी नियमित रुपमा नआउने भएको हुँदा भाडामा वस्नेहरुले साना तिना सवै भाँडामा पानी भरेर राख्नुपर्ने जस्तो ढकन छैन केही छैन। छोप्ने खालको एउटा स्थिति पनिहामीले देखेनौँ र उहाँहरुले भन्नु हुन्छ प्रष्टसँग नियमित रुपमा खानेपानीको व्यवस्थापन भैदियो भने हामीले धेरै साना तिना भाडाहरुमा पानी थापेर राख्नुपर्दैन जस्ता कारण यो डेङ्गु अथवा लामखुट्टेले फुल पार्ने स्थिति पनि कम हुन्छ होला भन्ने हिसावले पनि भन्नु भएको छ। अपिल र अनुरोध पनि गर्न चाहन्छु जहिले सम्म यसलाई नियन्त्रण गर्न सकिदैन त्यो बेला सम्म सबभन्दा बढी संक्रमण भएको सबभन्दा बढी डेङ्गुले असर पारेका वडाहरुमा नियमित रुपमा खानेपानीको व्यवस्थापन कसरी गर्न सकिन्छ सरोकार पक्षको ध्यान सभामुख मार्फत जावोस् भनेर अपिल गर्न चाहन्छु। त्यसका अतिरिक्त नयाँ भौतिक सरंचना निर्माण गर्ने वरिपरि पनि डेङ्गुको असाध्यै बढी उत्पादन हुने रहेछ। जो नयाँ भौतिक संरचनाहरु बनाइन्छन् त्यो बनाउँदै गर्दाखेरि ड्रमदेखि लिएर साना तिना प्लेटहरु भाडा कुँडा के, के लथालिङग हुने जसका कारणले गर्दा खेरी डेङ्गु सजिलो सँग त्यहाँ उत्पादन हुने देखियो यसलाई पनि अव कस्तो माध्यमबाट हामीले सचेत गराउने यसमा पनि थोरै ध्यान जान जरुरी छ भन्ने मैले अभियानको क्रममा प्राप्त गरे। त्यति मात्र होइन तपाई साना टहराहरु छन् टिन हालेर बनाइएको छ त्यो टिन अठ्याउनका निम्ति टायर नै राख्ने त्यो टायर सबभन्दा बढी खतरनाक रच हामी सबैले बुझेका छौँ ती छतछतका टायरलाई निकाल भन्दाखेरि फेरि त्यो टिन उडाउने के-के हुने हुदो रहेछ। हामीले भनेका त छौ। यसले पनि गर्दाखेरि थप यो समस्या बल्झिएको कुरा म यहाँ अनुरोध गर्न चाहन्छु। सँगसँगै के पनि हामीले देख्यौ भने कतिपय डेङ्गुको संक्रमण भएका मान्छेहरु जाँचै नगरिकन औषधि खाने खालको संस्कार पनि हामीले देख्यौ

त्यस्तो बानी पनि देखियो र कतिपय विरामीहरु मेडिकल कलेज, औषधी पसलहरुमा जाने जस्का कारण जाँच्दै नजाँचिकन औषधि खाने र त्यो तपाईं डाक्टरले के गर्ने भन्नुहुन्छ भने डेङ्गुलाई आवश्यक पर्ने औषधी भन्दा बाहेकका तथा नामका औषधीहरु भारी नै बोकाएर दिने खालका स्थिति पनि खालका देखियो त्यो पनि हामी जादै गर्दाखेरि देख्यौँ । यसरी अनावश्यक रुपमा डाक्टरहरुले आफ्नो क्लिनिकबाट जुन नचाहिने औषधी छ त्यो औषधी समेत दिने जुन कुरा आएको छ यसलाई पनि कसरी हुन्छ सचेत पूर्वक त्यसो नगर्दिनका निम्ति अपिल गर्ने कुरा अनुरोध गर्ने कुरा म पनि अनुरोध गर्न चाहन्छु। औषधी व्यवसायीहरु क्लिनिक जो छन्। डाक्टर जो हुनुहुन्छ। तपाईले चाहिने भन्दा बेसी डेङ्गुलाई नियन्त्रण गर्ने चाहिने भन्दा वेसी औषधी दिने जुन ब्यावहार देखियो यो असाध्यै खेदजनक छ। यो नगर्नका लागि म अनुरोध गर्न चाहन्छु। त्यसका अतिरिक्त अरु के पनि भेटियो भने अभियानको क्रममा जति पनि अभियानमा खट्ने आमा समूह टोलविकास संस्थादेखि लिएर जन प्रतिनिधिहरु हुनुहुन्छ। उहाँहरु अभियानमा निरन्तर लाग्दै गर्दाखेरि आधारभूत रुपमा चाहिने जो सामग्रीहरु हो पन्जा नभैकन हुँदो रहेनछ। हातमा लाउने पन्जा छैन मान्छे त अभियानमा जुटेको छ तर पन्जा नै छैन। त्यति मात्र हैन तपाई मछेर नजिक नआउने एउटा मलम हुँदो रहेछ। त्यसलाई स्प्रेए पनि भनिन्छ। त्यो स्प्रेए पनि देखिएन र प्राप्त हुन सकेन त्यसका अतिरिक्तनियमित खटेको छ नियमित खट्ने सन्दर्भमा चिया खाने समस्या, पानी खाने समस्या खाजा खाने समस्या मान्छे लागेको छ। सामाजिक हिसाबले तर पनि आधारभूत चिजहरु को व्यवस्थापन हुन सकेको छैन। ती आधारभूत कुराको ब्यवस्थापन नहुँदा खेरि अभियानमा खट्ने अभियन्ताहरु हुनुहुन्छ हातमा पन्जा छैन त्यहाँ त पनि टायर चलाउनु पर्ने हुन्छ। टङ्कीभित्र पसेर चाहि के छ कसो छ भनेर हेर्नु पर्ने स्थिति पनि हुँदोरहेछ।जसका कारणले गर्दाखेरि टोकिदिने होकि अभियानमा हिँडेकालाई लामखुट्टेले टोकेर डेङ्गु हुने होकी भन्ने एउटा त्रास पनि देखियो । यो अभियानमा लाग्नेहरुलाई जो आधारभूत सामग्री हो आधारभूत सामग्री व्यवस्थापन गर्ने

सन्दर्भमा कुराकानी गर्दाखेरि महानगर अन्तर्गतको स्वास्थ्य महाशाखामा खै हामी कहाँ त केही पनि छैन सकियो भने जस्ता कुरा आए। हाम्रो प्रदेशको चाहि अव स्वास्थ्य क्षेत्रमा पनि हामीले कुराकानी गऱ्यौँ। मैले कुराकानी गरेँ। कुराकानी गर्दाखेरि त्यो चिज नै छैन र सकियो तै पनि हामी चाहि मिहिनेत गरिराखेका छौँ भन्ने खालका कुरा चाइने आउने गरेकोछ। म अपिल गर्न चाहन्छु।अनुरोध गर्न चाहन्छु। अभियानमा खटिने अभियान्ताहरुलाई आधारभूत चिजको ब्यवस्थापन नहुने हो भने तपाई जानका निम्ति थुप्रै कठिनाइहरु आउँदो रहेछ। म आफै पनि सहभागी भएर अनुभूति गरेँ खास गरेर प्रदेश सरकार प्रदेश सरकारमा पनि सामाजिक विकास मन्त्रालय अन्तर्गतको जो स्वाथ्य शाखा महाशाखा छ त्यो स्वास्थ्य महाशाखाले ती आधारभूत चिजको व्यवस्थापन गर्ने सन्दर्भमा गम्भीरतापूर्वक ध्यान केन्द्रित गरेकै छ होला तै पनि ब्यवहारिक रुपमा त्यो प्राप्त हुन सकेको छैन म अपिल गर्न चाहन्छु अनुरोध गर्न चाहन्छु छिटो भन्दा छिटो ती आधारभूत चिजहरुको व्यवस्थापन गरेर अभियानमा सहभागी हुने अभियान्ताहरुको मनोवललाई अझ वृद्धि गर्नुपर्ने आवश्यकता मैले ठानेको छु। त्यसका अतिरिक्त फेरि पनि दोहोऱ्उन चाहेँ पिउने पानी हो त्यो पिउने पानी बढी चर्को जहाँ सक्रमण छ। बढी चाप छ। त्यस्ता वडाहरुमा सकिन्छ भने यो नियन्त्रण नआइन्जेलसम्म खानेपानीको समेत ब्यवस्थापन मिलाउन जरुरी मैले देखे र मैले यही अपिल र अनुरोध गर्दै यो नियन्त्रणमा आइसकेको छैन दिन प्रतिदिन बढ्दै गइरहेको छ। त्यसो भएको हिसावले एउटा महामारीकै रुपमा जो अगाडि बढेको छ। त्यसलाई महामारीको रुपमा अगाडि बढ्न नदिनका निम्ति अथवा नियन्त्रणका निम्ति हामी सबैको ध्यान केद्रित भएको छ। हाम्रो मुख्यमन्त्री कै प्रमुख आतिथ्यतामा मा सामाजिक विकास मन्त्रीको संयोजक अध्यक्षतामा जुन कार्यक्रम भब्यरुपमा भएको थियो तर आधारभूत रुपमा चिजहरुको ब्यवस्थापनको जोहो हुन सकिराखेको छैन। त्यसो भएको हिसाबले फेरि पनि एकचोटि यो विषयमा गम्भीरतापूर्वक ध्यान जावोस् सरकारको भन्ने अपिल अनुरोध गर्दै विदा हुन्छु धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य श्री मेखलाल श्रेष्ठ, समय ३ मिनेट ।

## माननीय मेखलाल श्रेष्ठ

माननीय सभामुख महोदय, हामीले धेरै संघर्ष गरेर लोकतन्त्र संघीयता जनताको चाहना समृद्ध नेपाल स्थायी सरकार भनेर आज तिनै तहमा स्थायी सरकारले शासन गरिरहेको अवस्थामा पूर्व माननीयज्यूले पनि भनिसक्नुभो सरकारले जनताको चाहनालाई पूरा गर्ने र जरुरी महामारी रोग फैलिसकेको डेङ्गुलाई पनि नियन्त्रण गर्न नसकि रहेको अवस्थामा आज ठाउँ ठाउँमा यो सरकारको पशु विभागले एउटा मैले फोटो पनि खिचेको छु। सभामुखलाई देखाउन चाहन्छु के भनिएको छ भने होला मानव अधिकार छ। हाम्रो देशमा धर्म निरपेक्षता छ। सबैले आ-आफ्नो रितिरिवाज धर्मलाई मान्न पाइन्छ तर संविधानमा उल्लेखित कुनै पनि निशेधित वस्तुलाई बिक्रीबितरण गर्न प्रोत्साहन गर्ने खालका पोष्टरहरु सरकारी निकायबाट नै ठाउँ-ठाउँमै टाँसेर यो जनतालाई के गर्न खोजिएको हो। त्यसमा लेखिएको छ। बधशालादेखि भान्छा सम्म स्वच्छ र स्वस्थ मासु भन्ने शीर्षक दिएर गाईको फोटो प्रष्टरुपमा गाईको फोटो पनि राखेर के यो अब दुई तिहाइको सरकारले नेपालमा विधिगत रुपमा गाईको मासु बेच्नको लागि स्वीकृत दिएको होकि हो दुई तिहाइको सरकार छ। संविधान संशोधन गरेर नेपालमा गाईलाई काट्न पाइन्छ भन्ने बनाउन सक्नु होला तर अहिले सम्म संविधानमा त्यो नलेखिएको हुनाले र कुनै एउटा समुदायले कुनै एउटा धर्म मान्नेले त्यसलाई आफ्नो भगवान मान्ने गरेको हुनाले त्यो फोटोहरु जतातते टाँसिएको छ। सभामुख महोदय, म प्रदेश सरकार मार्फत ती फोटोहरु हटाउनको लागि कसले गरिएको त्यसलाई चाहिने कुन हिसावको कार्वाही गर्न पर्ने हो के ब्यवहार गर्नुपर्ने हो। यो प्रदेश सरकारले तुरुन्त त्यसमा अगाडि बढाओस यी यस्ता घटनाहरु जो संविधानको विपरित जान्छन। त्यसलाई चाहि अब आइन्दा नगराउनको लागि नेपाली जनता सबै मिलेर बसेका छन। यहाँ विभिन्न धर्म मान्ने विभिन्न परम्परा मान्ने विभिन्न

संस्कृति मान्नेलाई पनि हामीले एकै ठाउँमा राख्न सफल भएका छौं। यी यस्ता कारणले गर्दा समाजमा चाडपर्व नजिकै आएको बेलामा फेरि विकृति विसंगतिहरु नफैलियोस् यसलाई चाँडो भन्दा चाँडो प्रदेश सरकारले नियन्त्रण गर्ने हो कि सजाय दिने हो कि त्यसलाई हटाउने हो। त्यसमा तदारुकता देखाओस् भन्ने माग गर्दै यसको नेपाली काँग्रेसले घोर भत्सर्ना गर्दछ भन्दै विदा हुन्छु धन्यवाद जय नेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री पियारी थापा, समय ५ मिनेट।

## माननीय पियारी थापा

माननीय सभामुख महोदय, गत केही समय देखि देशै भरि फैलिएको महामारीको रुपमा फैलिएको डेङ्गुको कारणले गर्दा जनजीवन प्रभावित भएको कुरा सर्वविदितै कुरा हो। त्यसै गरियो त्यो डेङ्गुबाट हामी हाम्रो प्रदेश पनि अछुत रहेको छैन र यसको नियन्त्रण र यसको नियन्त्रणको लागि अरु प्रदेश सभाले प्रदेश सरकारले के कति काम गर्दै गरेको यसको विवरण आउन आउनु पर्ने आवश्यकता छ त्यसकारणले गर्दा के काम गर्यो प्रदेश सरकारले भन्ने विषयमा यो सदनलाई जानकारी दिनका निम्ति मैले गण्डकी प्रदेश मार्फत सरकार मार्फतको सम्बन्धित मन्त्रालयलाई विशेष ध्यान आकर्षण गराउन चाहन्छु र त्यो संगसंगै यो जुन विरामीहरु छ। विरामीहरुले उपचारका निम्ति त्यो आवश्यकता भन्दा बढी रकम तिरिरहेको भन्ने विभिन्न समाचारहरु बाहिर आइरहेको छ। यसको छानविन गर्नुपर्ने आवश्यकता छ। यदि त्यसो हो भने उनीहरुलाई कारवाहीको दायरामा ल्याउनुपर्छ। म यो जोडदार माग गर्न चाहन्छु। त्यसै गरि यो डेङ्गुको  जुन संक्रमण थियो त्यसको जुन संक्रमणबाट यो जनताहरु त्यो महामारीबाट त्यो जनताहरु निकै आक्रान्त बनेको अवस्थामा फेरि अर्को रोग जुन स्क्रब टाइफाइ भन्ने रोग पनि फैलिएको छ। यसलाई चाहि यसलाई नियन्त्रण गर्नुका निम्ति यसले पनि एउटा महामारीको रुपमा महामारी रुपमा लिड

हुँदा मात्र यसको नियन्त्रण गर्नका निमित्त मात्रै नभएर सरकारलाई यसलाई समयमै ध्यान दिनका निम्ति र समयमै नियन्त्रण र नियन्त्रण गर्नका निम्ति र उपचारमा सर्वसुलभता गराउनका निम्ति मैले प्रदेश सरकारमा यो प्रदेश सभा मार्फत सभामुख मार्फत प्रदेश सरकारको र सम्बन्धित मन्त्रीको मन्त्रालयको विशेष ध्यान आकर्षण गर्न चाहन्छु धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य विन्दुकुमार थापा समय १२ मिनेट।

## माननीय विन्दुकुमार थापा

सभामुख महोदय, नेपालमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको इतिहास संस्थागत रुपमा सुरु भएको लामो समय भएको छैन। पछिल्लो समय देशमा व्याप्त वेरोजगारी अवस्था बढिरहेको बेला नेपालमा प्राविधिक शिक्षा प्रति विद्यार्थी र अभिभावक आकर्षण बढ्दो छ। अन्य शिक्षाको तुलनामा प्राविधिक शिक्षा अध्ययन गरेका विद्यार्थीले पढाइ सकाए लगतै रोजगारी पाउने र स्वरोजगार बन्ने सम्भावना धेरै हुन्छ। एस. ई. ई. गरेका विद्यार्थीले प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद् सिटिभिटिबाट सम्वन्धन प्राप्त शिक्षण संस्थाबाट प्राविधिक शिक्षा लिन सक्छ। आजै मात्र गण्डकी विश्व विद्यालयको स्थापना व्यवस्थापन र सञ्चालन गर्न विधेयक पनि सम्मानित सदन उपर छलफल हुँदै छ। माननीय सभामुख महोदय, म यहाँ केही कुरा बुँदागत राख्न चाहन्छु। यसै सन्दर्भमा गण्डकी प्रदेश र चिकित्सा शिक्षा स्वास्थ्य शिक्षा पढाउने पोखराका कलेजहरुमा चरम बेथितिका कुराहरु चर्को रुपमा उठिरहेको पाइन्छ। सिटिभिटिबाट सम्बन्धन प्राप्त वेष्टन हेल्थ साइन्स इन्स्टुच्युट पोखरा ११ जो गाउँको भन्ज्याङमा अवस्थित छ। जसले फार्मेसी पढ्न चाहने यस क्षेत्रका विद्यार्थीहरु माथि गम्भीर खेलवाड गरिरहेको सिटिभिटिका भ्रष्ट कर्मचारीहरुसँग

मिलोमतो गरी गण्डकी प्रदेशका विद्यार्थीलाई पाखा लगाएर मोटो रकम असुल गरेर प्रदेश नम्वर दुई र पाँचका विद्यार्थी भर्ना गर्ने प्रपञ्च रचिरहेको छ। सिटिभिटि गण्डकी प्रदेशमा फार्मेसी पढ्न १६३ जनाले आवेदन दिएका छन। जसमा गण्डकी प्रदेशका मात्र १०० भन्दा बढी विद्यार्थी छन। यिनीहरुलाई फार्मेसी पढ्न अवसरबाट बन्चित हुनुपर्ने अवस्था निम्त्याइँदैछ। पोखराको फार्मेसी कलेज वेष्टन हेल्थ साइन्स एकेडेमीले पोखरा तथा यस आसपासका विद्यार्थीलाई भर्नाबाट बन्चित गरेर लाखौं रकम बढी असुलेर अन्य प्रदेशका विद्यार्थीलाई भर्ना गर्ने खेल भैरहेको छ। प्रदेश भित्रको प्राविधिक कलेजमा प्रदेशको पहुँच गौण गरी संघीयताको मर्म बिपरित संघको दवदवा कायमै राख्ने खोजि रहेको एउटा प्रयास हो भन्नेमा दुविधा छैन। स्वास्थ्य राज्य मन्त्री डा.सुरेन्द्र यादवले ब्यक्तिगत स्वार्थ पृष्ठ पोषण गर्न नर्सिङ काउन्सिललाई दवाव र प्रभावमा पारेर अस्पताल नभएका बेड संख्या कम भएका नर्सिङ कलेजहरुलाई कार्यक्रम संञ्चालन गर्न कानून विपरित प्रेसर दिइ अनियमिता गरेको पाइएको छ। पोखरा ११ काँहुमा रहेको तीन बर्षे फार्मेसी पढाउने कलेज वेष्टन हेल्थ एकेडेमीले पोखरा र गण्डकी प्रदेशका विद्यार्थीलाई पाखा लगाएर प्रदेश नं. दुई को सप्तरी सिराहाका र प्रदेश पाँचका रुपन्देही र कपिलवस्तुका कट अप लिष्ट बैकल्पिक उमेदवारी विद्यार्थीसंग मोटो रकम बढी असुल्ने योजना बुनिरहेको खबर विभिन्न मिडिया मार्फत सार्वजनिक भैइरहेको छ। यसमा सिटीभिटी भक्तपुरका केही उच्च अधिकारीसँग मिलेमतो रहेको पाइएको छ। गण्डकीमा सिटीभिटीको प्रदेश कार्यालय खुलेको छ तर सिटीभिटी केन्द्रले प्रदेश कार्यालयलाई थाहै नदिइ प्रदेश बाहिरका विद्यार्थी भित्र्याइदैछ जो संघीयताको भावना विपरित छ। प्राविधिक शिक्षा गुणस्तरहीन कागजी खोस्टो मात्र बनाउने काम स्वास्थ्य मन्त्रालयबाटै भैरहेको मेडिकल शिक्षा व्ववसायी समेत रहेका स्वास्थ्य राज्य मन्त्री डा. सुरेन्द्र यादवले नर्सिङ काउन्सिलसँग मिलेमतो गरी मापदण्ड पूरा नगरेका आफ्नै अस्पताल नभएका बेड संख्या पूरा नगरेका अस्पताललाई देखाएर नर्सिङ हेल्थ असिस्टेन्ट एच ए कार्यक्रम चलाउन दिनेगरि

नीतिगत भ्रष्टाचार भएको छ। जसले गर्दा गुणस्तरहीन प्राविधिक शिक्षा दिने बाढी नै आएको देखिन्छ। यसमा सभामुख मार्फत सदन र सरकारको ध्यान आकर्षण गर्न चाहन्छु। सभामुख महोदय पोखराको पद्म नर्सिङ कलेजलाई विधि र प्रक्रिया मिचेर किनबेच गरिँदैछ। प्रक्रिया नै नपुग्ने रिजनल कलेजले पद्म नर्सिङ खरिद गर्न केन्द्रसँग सेटिङ मिलाई रहेको छ। यसमा नर्सिङ काउनसिलका अध्यक्ष गोमा निरौला रजिष्टार बिरिन्दा घिमिरे जो वर्तमान माननीय पर्यटन मन्त्री योगेश भट्टराई श्रीमती हुन्छ तथा स्वास्थ्य राज्य मन्त्री डा.सुरेन्द्र यादव समेतको संलग्नता रहेको कुरा छताछुल्लै बाहिरिएको छ। आम नागरिकको स्वास्थसँग सरोकार राख्ने प्राविधिक शिक्षामा भैरहेको अनियमिता र विधिगत भ्रष्टाचार रोकेर गुणस्तरीय शिक्षा प्रदानमा केन्द्रित रहन यस सदनको गम्भीर ध्यान जावोस् भन्ने आग्रह माननीय सभामुख मार्फत म राख्न चाहन्छु। सभामुख महोदय, आम जनचासोको विषयमा पोखराबाट प्रकाशित हुने सराङकोट साप्ताहिक र काठमान्डौबाट युनाइटेड पोष्ट राष्ट्रिय साप्ताहिकले निरन्तर खोजखबर सम्प्रेसण गरिरहेको अवस्थामा पनि आरोपितले कुनै खण्डन गरेको पाइदैन। यसले पनि उल्लेखित प्रकरणको सत्यतालाई पुष्टि गर्दछ। अतः सामाजिक विकास मन्त्रालय प्रदेश सरकार यस विषयमा गम्भीर बनोस् र छानविन गरी सत्य तथ्य बाहिर ल्याओस् र दोषी उपर कारवाही गरियोस्। यस्तै वेष्टन हेल्थ साइन्स एकेडेमीमा भैरहेका अनियमिता विरोध बोल्ने आन्दोलित विद्यार्थीहरुलाई प्रहरी बोलाएर धरपकड गरेर आफ्नो गल्ती लुकाउने प्रयास भैइरहेको छ। शान्तिपूर्ण विरोध गर्न गर्ने उपर भएका ज्यादती रोकिनु पर्दछ। सभामुख महोदय, अतः प्राविधिक शिक्षामा ब्याप्त अनियमिता ढिला सुस्ती विद्यार्थी भर्ना नखुलेका सम्बन्धमा समेत अख्तियार दुरुपयोग अनुसधान आयोग सार्वजनिक लेखा समिति साथै आम सञ्चार जगतले यी र यस्ता विषयलाई उजागत गरी सुशासन स्थापित गर्न र विद्यार्थीको भविष्य माथि भैरहेको खेलवाड रोक्न भूमिका खेल्दिन म विशेष आग्रह गर्दछु धन्यवाद जयनेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री राजिव पहारी, समय १२ मिनेट ।

## माननीय राजिब पहारी

माननीय सभामुख महोदय, सिमित स्रोत साधनको बावजुद डेङ्गु रोग नियन्त्रण गर्नको लागि मुख्या मन्त्री कै उपस्थितिमा वहाँको पहलकदमिले नै बृहत बैठक राखेर मन्त्री र माननीयहरुलाई परिचालित गरेर जनचेतना जगाइ नियन्त्रण गर्न जुन पहल भएको छ। यसको निम्ति प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु। माननीय सभामुख महोदय, अहिले हाम्रो नेपाली समाजमा केही समय यता निराश कुन्ठा आत्मभत्सर्ना र नकारात्मक कुरा गर्ने प्रवृत्ति बढेको छ। यसले केही समय मानिसलाई आफूतिर तान्न सकिएला तर समाजलाई बदल्न सकिदैन समाजलाई बदल्नेहरु हर्दम आशा बादी बन्नै पर्छ। गण्डकी शत प्रदेश गठन भएपछि आशामात्र जगाउने हैन विकास निर्माणको माध्यमद्धारा प्रदेशको समृद्धिको यात्रालाई अगाडि बढाउने जुन काम भएको छ। यसको निम्ति प्रदेश सरकारलाई धन्यवाद दिनैपर्छ। सँगसँगै म केही विषय वस्तुहरु यहाँ राख्न चाहन्छु। यी विषय वस्तुलाई पनि प्रदेश सरकारले यथोचित समयमा अविलम्व सम्बोधन गरेमा सुनमा सुगन्ध हुन्थ्यो भन्ने मलाई लागेको छ। हुन त मैले कुरा राख्न उठ्दा खेरि फेवातालको मात्र कुरा राख्छ भन्ने प्रसङ्ग पनि आउन सक्छ तर माननीय सभामुख महोदय, विश्वकै तेह्रौं सुन्दर तालको रुपमा चिनिएको फेवाताल जुन तालको सौन्दर्यता हेर्न नौका विहार गर्न माच्छापुच्छ्रे लगायतका हिमालहरुको पानीमा छाँया हेर्न प्रत्येक वर्ष लाखौ लाख मानिसहरु पोखरा आउँछन्। जुन तालको कारणले नेपाल प्रत्येक वर्ष करौडौ करौडौ आम्दानी गर्छ। ७६ जिल्लामा ६७ जिल्लाका मानिसहरुले रोजगारी पाएका छन। त्यही ताललाई आधार मानेर राज्य र निजी क्षेत्रका व्यवसायीहरुले खरवौंको लगानी गरिरहेको छ। आज विश्व सामु चिनाउने हरेक पर्यटन प्रवर्धनका सामग्रीमा यही फेवातालको बढी

तस्विर छ। उक्त ताल आज क्रमशः दिन दुई गुणा रात चौगुनाको गुनाको दरले जेट स्पिटमा पोखरीको रुपधारण गर्ने दिशातर्फ उन्मुख छ। चङगपूर सम्म फैलिएको ताल अहिले खपौदी हुँदै छदीमा आएर खुम्चिएको छ। फेवातालको संरक्षण संवर्धनको विषयमा सम्मानित सर्वोच्च अदालतले गरेको फैसला र त्यो फैसला कार्यान्वयन समयमै जुन रुपमा हुनुपर्ने हो त्यो रुपमा हुन नसकेर संघ प्रदेश र स्थानीय सरकारलाई परेको मानहानीको मुद्दा लगाएको विषयमा मैले यहाँ कुरा राख्न उपस्थित भैरहेको छैन। मैले त गएको भाद्र ३१ गते परेको अविरल बर्षाको कारणले तालको माथिल्लो तटीय क्षेत्रबाट बगाएर ल्याएका जलकुम्भी झारले फेवाताल पुरै ढाँकिएको छ। यो ताल अहिले अत्यन्त कुरुप भएको छ। कहिले काँही हामीले सुन्ने गर्छौ, पोखरामा पर्यटकको आगमन वृद्धि गर्न र पर्यटकको बसाई लम्ब्याउन फेवाताल लगायतका तालहरुमा क्रुज र सानो खालको पानी जहाज पनि चलाउनु पर्छ भन्ने तर सभामुख महोदय, अहिले त ताललाई जलकुम्भी झारले पुरै ढाकिएको कारणले भएका त्यहाँ तालमा भएका ढुङगाहरु पनि चलेका छैन र बाराही मन्दिर पनि दर्शन गर्न जाने कुराबाट पनि पर्यटकहरु बन्चित रहेको अवस्था छ। त्यसो भएर अरु कुरातिर अहिले नजाउ ताल र ताल चाँही क्रमशः चौरमा परिणत भएको छ। अर्को कुरो हामी गण्डकी प्रदेशको २०१९ आन्तरिक भ्रमण बर्ष र २०२० नेपाल भ्रमण बर्षको सम्मुखमा उपस्थित छौं। हामीले फेवा लगायतका विभिन्न प्राकृतिक श्रोतहरुको ब्यापक रुपमा प्रचार प्रसार गरेर आन्तरिक वाह्य पर्यटकहरुलाई आकर्षित गर्न खोजेका छौं तर फेवातालको निलो, स्वच्छ, सफा माछापुच्छ्रे छाँया परेको पानी हेर्न नौका विहार खेल्न ताल हेर्दै प्याराग्लाडिङ गर्ने भनेर पर्यटक आउने तर ताल अर्कै रुपमा पुरै जलकुम्भी झारले ढाकिएको देख्दाखेरि पर्यटकको स्थिति के होला तसर्थ योतर्फ म यो प्रदेश सरकारको गम्भीरतापूर्वक ध्यान आकृष्ट गर्न चाहन्छु र सभामुख महोदय, मैले तस्विर पनि लिएर आएको छु। फेवातालको यो चाहि माथिको जङ्गल भयो यो वाराही मन्दिर भयो यो पुरै जलकुम्भीले ढाकेको छ। अहिले त तालमा पानी

नै देखिन छोडेको छ। पुरै जलकुम्भी जलकुम्भी नै छ। यसको निम्ति गण्डकी प्रदेश सरकारले स्थानीय सरकार महानगरपालिका अन्यसँग समन्वय गरेर यसलाई प्रभावकारी ढङगबाट यसको तुरुन्त अव फेवाताललाई संकटकाल लगाउनु पर्यो त अहिले भन्न मिल्दैन त्यो जलकुम्भी झार निकाल्नको निम्ति म विशेस पलकदमि लिनको निम्ति म अनुरोध गर्न चाहन्छु र यो कार्यको निम्ति हामी जनप्रतिनिधिहरुलाई पनि खटाइयोस् र हामी माननीयहरुलाई पनि भारी बोकाइयोस् हामी चाहि भारी भोक्न तयार छौं। यो महाअभियान सञ्चालन गर्ने कुरामा दोस्रो अहिले सिङगो मुलुक डेङ्गु रोगबाट प्रताडित छ। यो भन्दा पनि बढी हाम्रो गाउँ वस्तीहरुमा जनताहरु बाँदरबाट पिडित छौं। आक्रान्त छन् कतिपय ठाउँमा त बाँदर आतङ्कको कारणले सिङ्गो गाउँ टोल बस्ती हरु नै बिस्थापित हुने अवस्थामा पुगेको छ। पहिला पहिला जनताले गाउँमा बाटो घाटो खानेपानी पुल पलेसो चाहियो भन्नु हुन्थ्यो र गण्डकी प्रदेश सरकारले अहिले गाउँ गाउँमा बाटो घाटो पुल पुलेसोहरु घरको चाँहि निर्माणका काम धामाधम भैरहेको छ। गाउँ घरमा चाँहि विकास निर्माणको लहर आएको छ तर अहिले त्यहाँका जनताहरुले पहिला हामीलाई बाँदर आतङ्कबाट जोगाइदिन पर्‍यो कि बाँदर मार्न पाउनुपर्‍यो नत्र बाँदरबाट हामी मर्ने स्थिति हुन लाग्यो भन्ने कुराहरु आइरहेको छन। यसको नियन्त्रण गर्ने कुरा त्यति सजिलो नहोला तर मंकी पार्क बनाएर हुन्छ कि के गर्दा यसको नियन्त्रण गर्न सकिन्छ। विदेशमा यस्तै समस्याबाट पिडित जनतालाई कसरी बाँदर आतङ्कबाट मुक्त गराएको स्थिति छ यसलाई गम्भीरतापूर्वक लिएर चै प्रदेश सरकारले संघ र स्थानीय सरकारसँग मिलेर गृहकार्य गर्ने ध्यान आकृष्ट गराउन चाहन्छु नत्र सरकारले गाउँको विकासको निम्ति बाटोघाटो /खानेपानी शिक्षा स्वास्थ्यको निम्ति ठूलो लगानी गर्ने जनताले चाहि बाँदर आतङ्कले बजार झर्ने र गाउँ नै रित्तो हुने अवस्था नहोला भन्न सकिन त्यसो भएर यो विषयमा पनि मैले गम्भिरता पूर्वक सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु। तेस्रो केही समय अगाडि माननीय दिपक कोइरालाले पनि यो विषय उठाउनु भएको थियो।

लेकसाइड लगायत विभिन्न पर्यटकीय स्थान क्षेत्रहरुमा विभिन्न ब्यवसाय र पसलहरु गरेर बस्ने विदेशीको संख्या अत्यन्त वृद्धि भएको छ। केही दिन अगाडि मात्रै प्रहरी प्रशासनले दुई /तीन घण्टामा मात्र अनुगमन गर्दा पाँच/ छ जना विदेशीको चैं कोठा जाँच पडताल गर्दा उनीहरु अवैध रुपमा बसेका र छ बर्षदेखि बसोबास गरिरहेको ठूलो परिमाणमा लागू पदार्थ लगायतका कानूनले बर्जित गरेका सामानहरु फेला परे। अहिले त लेकसाइड लगायतका ठाउँहरुमा विदेशीले भिक माग्ने अवाञ्छित गति बिधिमा लाग्ने काम पनि भैरहेको छ। तसर्थ विदेशी व्यवसायीहरु व्यवसाय गरेका चाहे विदेशी हुन चाहे स्वदेशी व्यवसाय उनीहरु गरेका पसल तथा दोकान लगायतका संस्थाहरुको अनुगमन गर्ने र कानून विपरित बसेका र काम गरेका कानून कठघरामा उभ्याउनको निम्ति प्रदेश सरकारले विशेष यसमा इनिसियसन लिएर अगाडि बढोस् भनी म चाहि अनुरोध गर्न चाहन्छु। तेस्रो चौथो वेगनासतालको केही समय अगाडि वेगनासताल माज कुना भन्दा माथिको जंगलमा केही दिन अगाडि पाँच बर्षको एक बच्चा र गर्भबती रहेकोमा एक जना रसियन महिलालाई प्रहरीले समाते उनी कहाँ कसरी र कहिले कोसँग नेपाल आइन् यहाँको केही गरिरहेको छन् भन्ने कुरा भोलि छानविन गर्दा क्रमशः खुल्दै जाला यो खालको चै अवस्था छ। अहिले विदेशीहरु आउने अनि चाहि ओभर स्टे बस्ने दशौ बर्ष बस्ने विभिन्न खालको चाहि उद्देश्यका साथ यहाँ चैं खेलो मेलो धन्दा गर्ने प्रवृत्ति बढिरहेको छ। यसलाई तुरुन्त चैं नियन्त्रण गर्न पर्ने अवस्था छ र चार जिरो किलोमिटर देखि विन्धवासिनी मन्दिर सम्म छ लेनको बाटो बनेर सञ्चालनमा आएको १ वर्ष बितिसकेको छ तर त्यहि प्रोजेक्ट अन्तर्गत बाग्लुङ बसपार्क भन्दा तलको फिर्के पुलको स्तरोन्नति र चौडाई अझै भएको छैन। बाटो चाक्लो भएको तर त्यहाँ पुलको आकार वृद्धि गर्ने भनेर बाटो चक्ल्याउने सँगै त्यहाँ छड, ढुङ्गा , वालुवा, गिट्टि चाहि झारियो तर आठ महिनादेखि बेवारिसे अवस्थामा छन् र करिब त्यो बाटो बनिसकेपछि जिरो किलोमिटरदेखि विन्धवासिनी मन्दिर सम्म पछाडिको बाटो चाक्लो भैसकेपछि त्यो पुलमा मात्र २०/२२ जना

मानिसहरु खसेर ठोकिएर चाहि मरिसकेको वा मृत्युवरण गरिसकेको अवस्था छ। तसर्थ त्यो पुलको चाहि आकार वृद्धिको निम्ति जुन टेन्डर पनि लागि सकेको छ। त्यो बाटो चाक्लो सँगसँगै हुन पर्ने हो तर त्यहाँ ढिलासुस्ती भएको छ। त्यसको निम्ति प्रदेश सरकारले नै इनिसेसन लिएर यो कामलाई चाहि अगाडि बढाओस् किनकि गण्डकी प्रदेश सरकारसित गण्डकीका जनताको आशा छ अपेक्षा छ विश्वास छ। त्यसो भएर चैं यो कामहरु पनि गण्डकी प्रदेश सरकारले इनिसेसन लिएर गर्दियोस भन्ने जनताको चाहाना छ। त्यसो भएर यी कुराहरुलाई यथोथित यथासम्भव सम्बोधन होस्  भन्ने म अनुरोध गर्न चाहन्छु र यति नै कुरा राख्दै यी अहिले जे जति विषय वस्तुहरु मैले उठाएको छु यी विषय वस्तुहरुको समयमै चाहि सम्बोधन हुने छन् पूर्ण विश्वास छ। मेरो यो भनाइ टुङग्याउँछु धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य धनमाया लामा पोखरेल समय ५:०० मिनेट

## माननीय धनमाया लामा पोखरेल

माननीय सभामुख महोदय, गोरखा हिमाली र पहाडी भू-भाग मिलेर भनेको जिल्ला हो। जिल्ला सदरमुकामबाट चुमनुव्री पुग्न अझै पनि पाँच दिन पैदल यात्रा गर्नु पर्दछ। धार्जेका गाउँपालिका र आरुघाट गाउँपालिका भौगोलिक हिसाबले विकट चुमनुव्री गाउँपालिका अति विकट छ। भौगोलिक विकटतालाई मध्यनजर गर्दै धार्जे गाउँपालिकाका केही वडाहरु र चुमनुव्री गाउँपालिकाका निम्ति सिदीवासमा २०६९ साल यता सेवा केन्द्रको स्थापना गरेको थियो। सेवा केन्द्रवाट नै सेवाप्रवाह गरी आम जनताको समस्या समस्याको समाधान गर्नु सेवा केन्द्रको स्थापनाको मुख्य उद्देश्य हो तर सेवा केन्द्र स्थापनाको पछाडि कर्मचारीको दरबन्दी पूरा गर्न नसक्नु कर्मचारी दुर्गम भत्ताको राम्रो व्यवस्था नहुनु र भएका कर्मचारीहरु पनि सदुरमुकाममा बसेर सेवा सुविधा लिने जस्ता समस्याले गर्दा सेवाग्राही चरम मारमा पर्न गएको छ। उक्त

सेवा केन्द्रमा असार मसान्त पछाडि नापी मालपोत नागरिकता फाँट र गाउँपालिकाको कार्यालयहरुमा कर्मचारी नहुँदा दुई महिना देखि ती त्यहाँको जनताहरु अरु सेवा लिनबाट बन्चित छन। यस्ता जनजिविकाका सम्बन्धित समस्याहरुको हल गर्न प्रदेश सरकारको ध्यान आकर्षण गराउन चाहन्छु। माननीय सभामुख ज्यू, गण्डकी प्रदेशलाई पर्यटकीय हव बनाउने प्रदेश सरकारको नीति रहेको छ। गोरखाको चुमनुव्री उपत्याका पर्यटकीय हिसाबले आकर्षणको केन्द्रको रुपमा चिनिदै आएको छ। मनास्लु हिमाल, श्रृङ्गी हिमाल चुमभ्याली राजन गुम्बाको अध्यान तथा अवलोकन गर्न मनास्लु पदमार्गको प्रयोग गर्दै लार्के पास हुँदै लम्जुङ, मनाङ, मुस्ताङ पर्यटकहरु जाने गर्दछन्। संघीय सरकार मार्फत नेपाली सेना द्धारा निर्माणाधिन सडक सडकले उक्त मनास्लु पदमार्ग भत्किन गइ आवतजावतमा प्रभावित भएको छ। त्यसको व्यवस्थापन हुन नसक्दा पर्यटक र पर्यटन व्यावसायीहरु मारमा पर्न गएको छ। निर्माणाधिन सडक बुढीगण्डकीको किनारै किनार रहेको एक मात्र मनास्लु पदमार्ग र पदमार्गको दाँया वाँया रहेको मानव बस्तीहरुमा सडक विस्तार विस्तारको क्रममा वम बलास्टले ठूलो क्षति पुगेको छ। हाल सम्म मुआव्जा र क्षति पूर्तिको कुनै व्यवस्था नभएको आम जन गुनासो रहेको छ। मनास्लु पदमार्गको वैकल्पिक पदमार्ग निर्माण र घर तथा बस्ती क्षतिको उचित मुआव्जाको व्यावस्था गर्न प्रदेश सरकार मार्फत संघीय सरकारको ध्यान आकर्षण गराउन चाहन्छु र उचित मुआव्जाको व्यवस्थापन गर्न र प्रदेश सरकार मार्फत संघ सरकारलाई जोडदार माग गर्दछु। हस्त धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य विनोद के.सी.समय पाँच मिनेट।

## माननीय विनोद के.सी .

सभामुख महोदय, यस २०७६ असोज पाँच गते राति ११:०० बजे अविरल बर्षा कारण बेनी नगरपालिका वडा नं.२ बगर फाँट भन्ने स्थानमा पहिरोमा माथिबाट पहिरो

आउँदा सात वटा घर पूर्णरुपले क्षति भए २ जना बेपता हुन गएको र ११ घरपरिवार पूर्णरुपले विस्थापित भएको हुनाले सम्बन्धित ठाउँमा चैं प्रदेश सरकार ध्यान आकषर्ण गराउन चाहन्छु र पिडित परिवारलाई बस्ती बस्नका लागि एउटा वातावरण बनाउन प्रदेश सरकारसँग अनुरोध गर्दै विशेष गरि म यो केही सँगसँगै कुरा जोडन चाहन्छु भने यो हाम्रो आउदै गरेको विजयादशमीको हर्षोउल्लासको अवस्था चाँहि छ र अहिले यति बेला अविरल बर्षाका कारण विदेशवाट आउने हाम्रा दाजुभाइ तथा विदेशी पर्यटक आफ्नो गन्तव्य पुग्न सक्ने अवस्था छैन र बाटोका कारणले काही स्थानीय सरकार काही प्रदेश सरकार काही संघीय सरकार भन्दै त्यो बाटो कै स्वामित्व लिने अवस्थादेखि राखेको छन। तिनै तहका सरकारले सम्बन्धित ठाउँहरुमा जान र चाडपर्व मनाउनलाई बाटो खुल्ला गर्नेतिर सरकारको छिटो भन्दा छिटो ध्यान पुगोस् भन्ने म अनुरोध गर्न चाहन्छु र सँगसँगै यी बाटा नपुगेका ठाउँहरुमा कही कतै यति बेलै यातायात ब्यवसायीहरुको पनि डर लाग्दो मनोमानी छोटो छोटो बाटोमा पनि धेरै रकम पैसा असुल गर्ने र त्यसको चाहि त्यो सरोकार लिने स्थानीय तहका चैं जनप्रतिनिधिहरुले त्यसको चाहि नियन्त्रण गर्न नसकिरहेको हुनाले प्रदेश सरकारले पनि कुन ठाउँको भाडा कति हो कुन ठाउँ जान लागि के कति पहलकदमी गर्नु पर्ने हो। ती ठाउँहरुको लागि प्रदेश सरकारको यथोचित ध्यान जावोस् भन्ने भनाइ राख्दै मेरो भनाइ अन्त्य गर्छु धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्यहरु विशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरु अब म माननीय सामाजिक विकास मन्त्री श्री नरदेबी पुनलाई विद्यायन समितिको प्रतिवेदन सहितको गण्डकी विश्व विद्यालयको स्थापना व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयक माथि छलफल गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

## माननीय नरदेबी पुन

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ साल साउन १९ गते बसेको बैठकमा प्रस्तुत भई दफावार छलफलको लागि विधायन समितिमा पठाइएकोमा समितिबाट प्रतिवेदन सहित प्राप्त भएको गण्डकी विश्व विद्यालय स्थापना व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयक प्रदेश सभा नियवाली २०७६ को ७४ को नियम १२१ को उपनियम २ (क) बोमजिम विद्यायन समितिको प्रतिवेदन सहित विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद।

## माननीय सभामुख

अव म उक्त विधेयक छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्नभन्नु होला।

यो प्रस्तावको  पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस्।

हुन्छ भन्ने आवाज आयो ।

यसको विपक्षमा हुने माननीयहरुले हुन्न भन्नुहोस्।

हुन्न भन्ने आवाज आयो ।

हुन्छ भन्ने माननीय सदस्यहरुको बहुमत भएकोले विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अव विधायन समितिको प्रतिवेदन सहितको गण्डकी विश्व विद्यालयको स्थापना व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयक माथिको दफावार छलफल प्रारम्भ हुन्छ। छलफलमा भाग लिन चाहनेहुने माननीय सदस्यहरुको लागि

१०:०० मिनेटको समय निर्धारण गरेको छु। निर्धारित समय भित्र माननीय सदस्यहरुले आफ्नो भनाइ राख्नुहुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय सदस्य श्री रामजी प्रसाद बराल (जीवन) लाई छलफलमा भाग लिने समय दिन्छु।

## माननीय रामजी प्रसाद बराल (जीवन)

माननीय सभामुख महोदय, आज हामी गण्डकी विश्व विद्यालय विधेयक उपर छलफल गर्न गैरहेका छौं। स्वभाविक रुपमा तपाई हामी सबैलाई जानकारी नै छ। शिक्षा नीति भनेको राज्य प्रणालीको एउटा सेवक अथवा पुरक हो भन्ने कुरा हामीले बुझेका छौ। एकात्मक सामन्ती राज्य सत्ता अन्तर्गत जुन प्रकारको राज्य शिक्षा नीति बन्यो त्यो शिक्षा नीति अन्तर्गत जुन प्रकारका विश्व विद्यालयहरु बने स्वभाविक रुपमा ति विश्व विद्यालयहरुले नेपाली राष्ट्र नेपाली जनताको पक्षमा नेपाली जनताको हितमा काम नगरेको कुरा पनि विदितै छ। आज हामी नितान्त मौलिक र फरक राज्य प्रणाली अभ्यासमा छौं। यस अर्थ वर्तमान राज्य प्रणालीलाई सफल तुल्याउने प्रक्रियामा स्वभाविक रुपमा विगतका जुन ढङ्गका विश्व विद्यालयहरु थिए। तपाई हामीले बुझेकै छौ। ती विश्व विद्यालयहरु न खोजमूलक रहे, न  अनुसन्धानमूलक रहे, साँच्चै हाम्रा महत्त्वपूर्ण सम्पतिहरुलाई ब्यवस्थित हिसाबले परिचालन गर्ने र जनताको पक्षमा हितमा काम गर्ने ढङ्गले ती विश्व विद्यालयबाट खासै अर्थपूर्ण उपलब्धि प्राप्त गर्न सकेनौं र आज ठिक विगतका विश्व विद्यालय भन्दा फरक प्रकृतिको विश्व विद्यालय गठनका निम्ति गण्डकी प्रदेशको सरकारले विधेयक अगाडि बढाएको छ। हाल सम्म भएका विश्व विद्यालयहरु भन्दा फरक प्रकारको संरचना सञ्चालन र व्यवस्थापनको तरिकाद्धारा स्थापना गरिने विश्व विद्यालयको दुरगामी महत्त्व मात्र हैन गण्डकी प्रदेशले गौरव गर्ने शैक्षिक सम्पति पनि निर्माण हुने छ। हाम्रो प्रदेशलाई युद्ध स्तरको प्रगति पथमा लैजानु पर्ने विधितै छ। जसका निम्ति उच्च स्तरका दक्ष शक्ति पहिलो शर्त हो। हाम्रो प्रदेश राम्रो बनाउन हाम्रै विश्व विद्यालयबाट उत्पादन भएका दक्ष जनशक्ति हाम्रो

स्वाभिमान पनि हो। मलाई के अनुभूति हुन्छ भने यो विधेयक हामीले गत बर्ष नै अगाडि बढाउन पाएको भए शायद धेरै नै प्रगति हामीले गर्थ्यौं होला तै पनि अहिले जुन ढङ्गले विधेयक आएको छ र यो विधेयकमा संगठनात्मक संरचनाका हिसाबले नौ वटा प्रकृतिका संगठनात्मक संरचनाहरु छन। यसको सबैभन्दा महत्त्वपूर्ण यो न्यासिक परिषद् असाध्यै महत्त्वपूर्ण एउटा संगठनको रुपमा संरचनाको रुपमा यो विधेयकमा आएको छ। न्यासिक परिषदमा पदेन बाहेक अहिले पछि विधायन समितिमा संशोधन भएको छ। पाँच महिला सहित पन्ध्र जना छनोट गर्ने ब्यवस्था छ। त्यसबाट प्रष्ट हुन्छ कि सक्षम मान्छे छानिने छन् भन्ने कुरा हामीले विश्वास गर्न सक्छौं। त्यसका अतिरिक्त विश्व विद्यालयको सर्वोच्च निकायमा विदेशी नराख्ने कुरा सही नै हुन्छ र अहिले विधायन समितिमा पनि नराख्ने कुरा सच्चिएर आएको छ। विश्व साम्राज्यवाद थाहा नपाउने गरी मुलुकको सेल सेलमा डेरा जमाइ नै सकेको छ। यस परिवेशमा खुल्ला बाटो बनाइदिने बारे सचेत बन्नैपर्छ हामी सचेत बनेका छौं। यो ठिकै भएको छ भन्ने मैले महुसुस गरेको छु। जनसक्ति ब्यवस्थापन समिति बनाउने कुरा राम्रो छ। हाम्रा र मेरा मान्छे हैन राम्रा र दक्ष मान्छे छानिने छन् भन्ने  एउटा विश्वास हामी सवैलाई पैदा भएकै छ। जसका कारण गुणस्तरमा वृद्धि हुनेछ कायम हुनेछ। काम, कर्तब्य, अधिकार र पदावधि तोकिए बमोजिम भनिएको छ। अलि अलि शंका कतै लाग्ने गरेको पनि छ। यो तोकिए बमोजिम हुने गर्दा खेरि काम कर्तब्य अधिकार खुलाउन पाएको भए हुन्थ्यो कि भन्ने थोरै मलाई लागेको पनि छ। त्यसै गरेर कुलपति र पूरा समय काम गर्ने जो प्रमुख कार्यकारीको रुपमा अहिले हामीले ल्याएका छौ। विगतका दिनहरुमा विश्व विद्यालयको कूलपति प्रधानमन्त्री हुने जुन प्रावधान थियो। त्यो प्रावधानलाई अहिले यो विधेयकले सच्याएर ल्याएको छ। अथवा नयाँ ढङ्गले दिएर आएको छ। हुने कुरा संस्थाको जो संस्थाका तत्कालिन र दीर्घकालिन कार्यहरु ब्यवस्थित हुने छन। जब कुलपति अथवा प्रमुख कार्यकारी बन्ने भैसके पछि अस्वभाविक रुपमा कामहरु कार्यहरु ब्यवस्थित हुनेछन् भन्ने पनि हामीलाई विश्वास

लागेको छ यस अर्थ पनि महत्त्वपूर्ण छ। विश्व विद्यालय भित्रको अन्तरनिहित गाँठीगुठी भनेको कुरा पाठयक्रम हो तर जुन पाठ्यक्रमलाई यहाँ समावेश गर्न सकेको छैन। जुन पढाइ जुन सिकाइले खास अर्थ राखेको हुन्छ। विश्व विद्यालयको भौतिक संरचना मात्रै होइन रहेछ। विश्व विद्यालय अन्तर्गतको गाँठी कुरा भनेको त्यहाँको पाठयक्रम हो। पाठयक्रमको सन्दर्भमा या उल्लेख गरिएको छैन। त्यो गर्दा गर्न पाको भए राम्रो हुन्थ्यो होला भन्ने पनि मैले महसुश गरेको छु। यद्यपि विधेयकमा पाठयक्रमको सबै चिज राख्ने त सम्भव हुँदैन त्यो पनि शीर्षकहरु राखिदिनु पाको भए राम्रो हुन्थ्यो कि भन्ने मलाई थोरै लागेको कुरा हो। परीक्षा प्रणाली पनि तोकिए बमोजिम नै भनिएको छ। जेहोस यो विधेयकले बजारसँग नजोडिएको शिक्षाको खडेरीलाई अधिकतम शीतल दिने वर्षाको सारतत्व बोकेको छ। हामीले बुझेका पनि छौं। यो विधेयक आउँदै गर्दा खेरी केही विमतिहरु पनि थिए। ती विमतिहरुलाई पनि यो विधेयकमा समेटेर समावेश गरेर विषय बस्तु आएको छ। स्वभाविक रुपमा असाध्यै मिहिनेतपूर्वक विधायन समितिमा जसरी छलफल भयो। त्यो विमतिहरु केही जिज्ञासाहरु पनि रहे, ती विमतिहरु र जिज्ञासाहरुलाई पनि समेटेर जसरी विधेयक आएको छ र स्वभाविक रुपमा विधेयक आफैमा असाध्यै महत्त्वपूर्ण छ। मैले पहिला पनि भने यसले दुरगामी महत्त्व राख्ने छ। दुरगामी महत्त्व मात्र हैन हाम्रो प्रदेशको सन्दर्भमा यो असाध्यै महत्त्वपूर्ण शैक्षिक सम्पति बन्ने छ र हामीलाई चाहिने दक्ष जनशक्तिहरु हामी आफैले उत्पादन गरेर हाम्रो प्रदेशलाई साँच्चै उन्नति र प्रगतिको पथमा हामीले लान सक्ने छौं। त्यति मात्र हैन  हामीले भनेका छौं। समाजवाद उन्मुख अर्थ प्रणाली अथवा राज्य ब्यवस्था त्यसलाई सार्थक तुल्याउने विषयमा यो विधेयक सबै हिसाबले उत्तम छ राम्रो छ। हाम्रो दलको तर्फबाट विधेयकप्रति पूर्ण समर्थन रहेको जानकारी सहित मेरो भनाइ यहि अन्त्य गर्दछु धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री मेखलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय मेखलाल श्रेष्ठ

माननीय सभामुख महोदय, आज हामी विश्व विद्यालय विधेयक छलफल जुटिरहेका छौं। नाम हेर्दा गण्डकी विश्व विद्यालय अत्यन्त सुन्दर छ। हामीलाई धेरै विश्व विद्यालयहरु चाहिएको पनि होला सभामुख महोदय, नेपालमा धेरै विश्व विद्यालयहरु खुलिसके त्यो विश्व विद्यालयहरुको हबिगत के छ र त्यो विश्व विद्यालयहरुलाई हाम्रो सरकारले राम्रो बनाउन सक्यो कि सकेन होला नेपाली जनता चाहेको शिक्षा त्यो विश्व विद्यालयहरुबाट प्रदान गर्न सकियो कि सकिएन अहिले होला सातै प्रदेशमा सातै प्रदेशको नाममा विश्व विद्यालयहरु खोल्ने एउटा परम्परा अगाडि बढेको छ। त्यसमा हामीले सोच्न जरुरी छ। यो गण्डकी विश्व विद्यालयले प्राविधिक शिक्षा उत्पादन गर्ने प्राविधिक शिक्षाको विषयमा पढाउने भन्ने कुरा आएको थियो र होला तर आज भन्दा पहिला खुलेका विश्व विद्यालयहरुले जसरी आफूलाई अगाडि बढाइए ती विश्व विद्यालयहरुको हविगत के छ र जसरी प्रकृया भन्दा वाहिरबाट पहिला विश्व विद्यालयहरु खोल्ने त्यसपछि संरचनाहरु तयार गर्दै जाने त्यस पछि कलेजहरु खोज्दै हिंडने परम्परा स्वरुप आज एउटा खुल्ला विश्व विद्यालय भनौ मध्य पश्मिाञ्चल विश्व विद्यालय बन्यो। सुदुरपश्चिमाञ्चल विश्व विद्यालयको हविगत के भएको छ। हो हामीलाई प्राविधिक विश्व विद्यालयको आवश्यकता छ। गण्डकी प्रदेशले खोल्नु पर्दछ तर पहिला विद्यार्थीहरु चाहिन्छ कि चाहिदैन त्यसमा आवद्ध हुनको कति जना कति वटा कलेजहरु तयार छन्। त्यसको विषयवस्तु तयार भएको छ कि छैन हामीले खाली पदाधिकारी नियुक्ति गर्ने संरचना बनाउनको लागि पदाधिकारीहरुलाई पैसा छुटयाउने त्यो पैसा जति सबै तलब भत्तामा सिद्याउनेको धेरै उदाहरणहरु छन्। खुला विश्वविद्यालय त्यसको ज्वलन्त उदहारण हो। धेरै वर्ष भैसक्यो र उस आफ्नो सम्पर्क कार्यालय बाहेक अरु कुनै खोल्न सकेको छैन। हाम्रो गण्डकी विश्व विद्यालय पनि

त्यस्तै हुने हो कि हैन हामीलाई चाहिएको छ भने पहिला हाम्रो गण्डकी प्रदेश भित्र कतिवटा कलेजमा प्राविधिक शिक्षालयहरु सञ्चालन गरेका छन र यी प्राविधिक शिक्षा सञ्चालन गरेका कति वटा कलेजहरुलाई हामीले यो गण्डकी विश्व विद्यालय अन्तर्गत लिन सक्छौं। के सरकारले तयारी गरेको छ। पहिला युनिभर्सिटि त्रिभुवन युनिभर्सिटि पनि यतिकै युनिभर्सिटि भएको हैन संस्कृत विश्व विद्यालय पनि यतिकै भएको हैन। धेरै कलेजहरुलाई समेटेर बल्ल विश्व विद्यालय स्थापना गरेको कारणले उनीहरु सफल छन्। काठमाण्डौ विश्व विद्यालयले पनि पहिला तीन/ चार वटा कलेजहरुलाई आफ्नो मातहतमा ल्याउनको लागि तयारी गरेर काठमाण्डौ विश्व विद्यालय स्थापना गरेको कारणले आज सफल छ। त्यही सफलतालाई हामीले अध्ययन गरेर यदि गण्डकी विश्वविद्यालय आवश्यक छ, हामीले प्राविधिक शिक्षा विद्यार्थी चाहिएको छ, नेपालमा धेरै बेरोजगारहरु विना कुनै आफ्नो सिप बेगर विदेश गएको तितो अनुभवलाई गण्डकी प्रदेशले नामेट बनाउनका लागि चाहना राम्रो हो तर तयारी पुगेको छैन। कुनै पनि विषय वस्तु छैन। त्यसमा अघि नै पूर्वबक्ता माननीयले भनुभयो कुनै यसमा पाठ्यक्रम तयारी भएको छैन कुन कलेज गण्डकी विश्व विद्यालय अन्तर्गत आउने हो। हामी कहाँ धेरै विश्व विद्यालयहरु यहाँ छन यहि पोखरा विश्व विद्यालय छ। पोखरा विश्व विद्यालयमा चलाइएका विषयहरु भन्दा फरक गण्डकी विश्व विद्यालयले कुन विषयमा चलाउन खोजिएको छ। त्रिभुवन युनिभर्सिटिले भन्दा कुन फरक विषयमा सञ्चालन गर्न खोजिएको हो कि खाली विश्व विद्यालय मात्रै खोल्ने काममा विश्व विद्यालय खोलिएको हो। त्यसमा मात्रै नेपाली काँग्रेस यसको कोइसन हो कुनै विश्व विद्यालय खोल्नका लागि नेपाली काँग्रेस विरोध गरिरहेको छैन। आज हामीले त्यो विश्व विद्यालय कतै खोलेर त्यो एउटा खाली कागजमा मात्रै विश्व विद्यालय हुने हो कि हाम्रा प्रदेशका युवाहरुलाई त्यो शिक्षाबाट बन्चित हुन पर्ने हो कि त्यसको तयारी नपुगेको कारणले हामीले दोष पाउने हो कि हामी अपजस व्यहोर्ने हो कि भन्ने नेपाली काँग्रेसलाई चिन्ता छ। म यहाँबाट माननीय ज्यूहरुलाई सरकारलाई आग्रह गर्न

चाहन्छु हो विश्व विद्यालय खोलौंला पहिला विषयवस्तुहरु अगाडि बढाउन कति वटा कलेजले हाम्रो विश्व विद्यालय अन्तर्गत आउन तयार हुनु हुन्छ। त्यसको लागि हामीले तयारी गरौं त्यसको लागि वहाँहरुलाई आव्हान गरौं त्यो विषयहरु प्राविधिक विषयहरु १०+२ हुन्छ कि अरु कलेजहरुमा हुन्छ कि त्यो कलेजहरुमा पहिलो प्रवेश गरौ कति जना विद्यार्थीहरुले त्यसमा पढ्नको लागि इन्ट्रेस्ट देखाउनु हुनु हुन्छ । भर्ना गर्नु हुन्छ त्यसलाई विषय वस्तुमा समेटौं त्यसलाई हामीले पाठ्यपुस्तकहरु निकालौं त्यसपछि ती विश्व विद्यालयहरुलाई त्यो कलेजहरुलाई समेटेर पोखरा विश्व विद्यालयको स्थापना गरौ हाम्रो गण्डकी प्रदेश पक्कै पनि त्यसको सफलतामा जानेछ। हाम्रो जस पनि पाउनुहुनेछ। होइन खाली विश्व विद्यालय खोलेर अरु प्रदेशले खोल्यो गण्डकी प्रदेशले खोल्नु पर्छ भन्ने छैन हामीमा धेरै यहाँ कलेजहरु छन ती कलेजहरुमा पहिला विद्यार्थीहरु नभए किन कलेज खोलेर हुदैन धेरै उदाहरण छन स्कूल खोलेर मात्रै ठुला भैइदैन त्यसमा शिक्षित बनाउने शिक्षा लिने विद्यार्थी र शिक्षकको जरुरी छ त्यहीकारणले गर्दा खेरी आज हामीले त्यो विषयमा विद्यायन समितीमा माननीय सदस्यहरुले धेरै छलफल गर्नु भएको छ। सभापत्तिज्यूले धेरै बहस गराउनु भयो त्यसको सरोकारवालालाई पनि बोलाउनु भयो धेरै कुराहरु उठेका छन तर त्यसको समाधान भैसकेको थिएन हाम्रो नेपाली काँग्रेसको दल सम्बद्ध माननीय ज्यूहरुले त्यहाँ धेरै कुराहरु राख्नुभएको छ। त्यसको विषयमा गठनको विषयमा प्रतिपक्ष दलको नेता वा प्रतिपक्ष दलको प्रतिनिधित्त्व हुने गरी एउटा शब्द मात्रै राखौ भन्दा पनि तपाईहरुले त्यसलाई स्वीकार गर्नु भएन उहाँहरुले त्यसलाई असहमति जनाउनुभो। दुइटा कुरामा विदेशी नागरिक र अन्य कुरामा सहमति भयो हाम्रो गण्डकी प्रदेशको एउटा परम्परा छ। हाम्रो नजीर छ सबै पार्टीहरु मिलेर यो प्रदेशको विकास गर्ने हो कसैले पनि कुनै विकास निर्माणको कुरामा जनतालाई फाइदा हुने कुरामा प्रदेशलाई फाइदा हुने कुरामा पक्ष र विपक्ष हुन नचाहँदा नचाहँदै पनि आज जनताको इच्छा जनताबाट उठेको कर कतै खेर जाने त हैन बेला नभइन बनाएको कुनै पनि चिजले स्वास्थ्यमा

हानि हुने ता होइन  भन्ने नेपाली काँग्रेसलाई चिन्ता भएको कारणले आज यो विधेयकको विरुद्धमा आज हामीहरु खडा हुन बाध्य भएका छौं। आशा छ नेपाली काँग्रेसको यही सुझावलाई तपाईहरुले मनन गरेर अझै यसलाई घनिभूत छलफल गराएर के आवश्यकता हो। यसमा थपघट गर्नुपर्ने कुरा के-के हुन ती कुराहरुलाई समेटेर अहिल्यै हतारो नगरेर यसलाई अझै बेसी छलफल गराएर नेपाली काँग्रेस र अन्य प्रतिपक्षहरुलाई पनि यो प्रदेशको विकासमा सधैं हातेमालो गर्दै जाने परिस्थिति यो विधेयकबाट सुरु होस् र हामीले विरोध मात्रै गरेका होइनौं  झकझकाएका हौं जनताको आवाज बोलेका हौ भन्दै मेरा भनाइ यही टुङ्गयाउछु धन्यवाद जयनेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मिनप्रसाद गुरुङ्गलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय मिनप्रसाद गुरुङ्ग**

सभामुख महोदय, समृद्ध प्रदेश निर्माण गर्न जन जिवन उपयोगी मुल्य र मान्यतामा आधारित राष्ट्रिय र अन्तर राष्ट्रिय पुनर्निर्माण भए पूर्ण प्रतिस्पर्धा गर्ने सक्षम र गुणस्तरीय जनशक्ति तयार गर्न अनुसधान मुलुक तथा प्राविधिक र ब्यावसायिक शिक्षा प्रदान गर्ने उद्देश्यका साथ गण्डकी विश्व विद्यालय स्थापना व्यवस्थापन र सञ्चालन गर्न भनेको विधेयक श्रावणको तेस्रो हप्तातिर होला शायद यो सदनमा प्रवेश गरेको थियो र छलफल गर्न गहन छलफल पछि रिक्ततालाई रिक्तता गर्दै हाम्रो आज यो गण्डकी प्रदेश सभाको प्रवेश गर्दै स्वामित्व ग्रहण गर्दै आज हामीहरु छलफलमा सहभागी भएका छौ। सभामुख महोदय, आजको यो एउटा एक्काइशौ शताब्दीको युग तसर्थ कुनै पनि विश्वको देशहरुको विकास समृद्धिको मापन त्यसको विश्व विद्यालयसँग पनि जोडिने गर्छ। त्यसो भको हुनाले

यसको विश्व विद्यालयको गुणस्तरको मापन सँगसँगै त्यो देशको उन्नति प्रगति विकाससँग जोडिने भएको हुनाले पनि स्वभाविक रुपले चौतर्फी विकासको समृद्धिको एउटा मेरुदण्ड रुपमा शिक्षालाई शिक्षा भन्ने  वित्तिकै विश्व विद्यालयलाई हामी लिने गर्छौं। यस आधारमा कमजोर विश्व विद्यालयबाट त्यो देशको भविष्य पक्कै पनि उज्यालो हुँदैन त्यतिमात्र हैन असल प्राज्ञिक प्रक्रिया अनि त्यस्तै गरेर सशक्त प्राज्ञिक नेतृत्व विना विश्व विद्यालय गुणस्तरीयता मापन गर्न या त्यसलाई कायम गर्न र स्थापित गर्न गाह्रो हुन्छ त्यति मात्र हैन त्यस्तो ब्यक्ति जो चाहि भाग बन्दी चाकडी अनि नातावाद जो हामीहरुले हिजो भन्दै आयौं, अहिले अनुभूति विभिन्न प्रकारका साथीहरुले शायद त्यहीनेर होला त्यस्ता कुराहरुलाई हामी जे जस्तो किसिमबाट त्यो दुषित प्रक्रियाबाट जुन खालले राम्रो योग्यता अनि सक्षमता कसरी मापन गर्ने र त्यो आधारबाट नियुक्ति भएका विश्व विद्यालय या त्यो आधारबाट चाइने गठन भएको विश्व विद्यालयले जुन खाले हामीहरुले एउटा स्वतन्त्र निष्पक्ष किसिमबाट कसरी काम गर्न सक्छ र ? साँच्चै शैक्षिक गुणस्तर अथवा ब्यवसायिकता या प्रविधिका कसरी हासिल गर्न सक्छ भन्ने कुरा पकै पनि यो एउटा गम्भीर प्रश्न यो छलफलको विषय स्वाभाविक उठ्ने र हुने गर्छ। त्यहिभको हुनाले यहि कुरालाई मध्यनजर गर्दै मलाई लाग्छ कुनै पनि शैक्षिक क्षेत्रमा विश्वका उन्नत देशहरु जहाँ चाहि एउटा खाले या जे जसरी अहिले अनुभुति गरेका छौ। एउटा प्राज्ञिक प्राक्टिस वेस प्राक्टिस एउटा चाहि जुन यो हामी जुन यो हामी चाही बोर्ड अफ ट्रष्टी अन्तर्गत शिक्षालाई लाने काम गरेका छौ। मलाई लाग्छ अहिले सबै यहाँहरुले अनुरोध या निवेदन त गर्नु भएको छ। छलफलमा धेरै ल्याउनु भएको छ। अहिले भइरहेको चाहि हामीहरु विश्व विद्यालयका गठन प्रक्रिया यसका कार्यक्रमहरुको विषयमा त्यो भन्दा पनि विभिन्न किसिमबाट एउटा न्यास परिषद् माध्यमबाट यो विश्व विद्यालय अगाडि लानुपर्छ भन्ने कुरा शायद यो वेस प्राक्टिस अन्तर्गत विकसित देशहरुमा

यहाँहरुले सबैले जान्नुभाछ बुझ्नुभाछ त्यो कारणबाट यो चाहि यो प्राक्टिस अन्तर्गत यो विश्व विद्यालय लान खोजेको हुनाले म चाहि धेरै आशाबादी छु। त्यति मात्र हैन यस अन्तर्गत यहाँनिर जे जसरी हामी शंका र धेरै कुराहरु छलफलहरु गरिरहेका छौ। त्यो आधारबाट जो खाले चै यसका कुलपतिहरु बनाउने कुरा उपकुलपतिहरु बनाउने कुरा देखि लिएर रजिष्टर यसरी यो जुन प्राज्ञिक चाहिने प्रतिनिधित्व गर्ने कामहरु छ। त्यसमा पनि ज्यादै मलाई लाग्छ। यो एकदमै कडा किसिम बाट एउटा चाइने दफा राखिएको छ। जहाँ चाहिने के त भन्दा बिद्याबारीधी गरेको र त्यति मात्रै हैन दश वर्ष चाहि त्यस प्राज्ञिक क्षेत्रमा लाएको ब्यक्तिहरुलाई मात्र त्यसको कुलपति त्यसपछि विद्यावारिधि गरेर आठ बर्ष चाइने त्यो अनुभव प्राप्त ब्यक्तिलाई उपकुलपति बनाउने भन्ने कुरा चाहि मलाई लाग्छ यो चाहिने पक्कै पनि विश्व विद्यालयलाई या चाहि प्रदेशको चाहि शैक्षिक क्षेत्रलाई कसरी स्थापित गर्ने र समयको माग अनुसार अनुकुल समय सापेक्ष त्योलाई सम्वोधन गरेर साँच्चै हाम्रा आवश्यकतालाई यो प्रदेशको शैक्षिक आवश्यकता हिजो हामीले भनि रहेका चाहे वैज्ञानिक शिक्षाको कुरा होला चाहे प्राविधिक शिक्षाको कुरा होला ब्यवसायिक शिक्षाको कुरा होला त्यसको अभावमा हामी सामाजिक रुपले, आर्थिक रुपले, शैक्षिक रुपले, यी सम्पूर्ण कुराले चाहिने हामी रुपान्तरण गर्न पछि पऱ्यो भनेर हामीहरु जे जस्तो सम्म अहिले जेलि रहेको छ। त्यो कुरालाई सम्वोधन गर्न पनि हामी यो विश्व विद्यालय गठन पछि जान्छौ। सक्छौ भन्ने म मान्यता राख्दै त्यो आधारबाट यो विधेयकको पूर्ण समर्थन गर्दछु। त्यति मात्र हैन हामी अहिले चाहि संघीयतामा गैरहेका छौ। पक्कै पनि यो संघीयतामा जाने क्रममा हामी यसको संविधानको कार्यान्वयन यसलाई संस्थागत गर्नु पर्ने पक्कै पनि हाम्रो दायित्व भित्र पर्छ। त्यही संविधानको कार्यान्वयन र संघीयतालाई संस्थागत गर्ने कुरामा कही नै कही विश्व विद्यालय जोडिएको छ भन्ने मलाई लाग्छ। किन भन्दा हामीहरु प्रदेशको एकल

अधिकारको कुरा अनुसुची ६को आठमा यहाँहरु हेर्नु भयो भन्ने शैक्षिक अधिकार मध्येमा प्रादेशिक काम विश्व विद्यालय गठन गर्ने प्रदेशको एकल अधिकार छ र त्यसलाई कार्यान्वयन गर्ने कि नगर्ने भन्ने विषयमा मलाई लाग्छ। यो चाहि नै विश्व विद्यालय गठनसँग जोडिएको छ। यो सँगसँगै संघीयता कार्यान्वयन गर्ने र संस्थागत गर्ने कुरा गर्ने कि नगर्ने भन्ने कुरा पनि हामी सँग त्यो प्रश्न जोडिन्छ भन्ने मलाई लाग्छ त्यसो भएको हुनाले यो चाहि यतिकै महत्त्व छ भन्ने म ठान्दछु। यति मात्र हैन अहिले हुन त थुप्रै कुराहरु आए अगि माननीयज्यूले कुरा उठाउनुभो अब यो विश्व विद्यालय भर्खर हामी के त  भन्दा प्रवेश गरिरहेका छौ। प्रवेशै गर्ने क्रमको सुरुआतमै मलाई लाग्छ। यहाँ पाठ्यक्रमको कुरा अनि त्यसपछि सम्वन्धन आंगिकताको कुरा यी  कुराहरु हतार होला वहाँ शायद एउटा उत्पादनसँग पनि जोडिनु हुन्छ होला। उहाँले उत्पादन नै नगरिकन बजारमा चै सेल कसरी चै त्यो होला फिजिबिलिटी सर्भे गर्ने पाटो होला त्यो प्रदेश सरकारले गर्दै होला र गरेको आधारबाट यी चाहि हाम्रो अगाडि विधेयक आएकोछ। सामान्य उत्पादन नगरिकन अनि त्यसको डिमान्ड र सप्पलाई कसरी हुन्छ भन्ने मेरो बजार अर्थतन्त्रमा मात्र  हैन कि यो  शिक्षामा पनि सम्बन्धनको कुरा अनि क्याम्पसको कुरा कति उस गर्छ भन्ने  कुरा सेलेबस हाम्रो सेलेबस बनाउने त बल्ल हामी प्रवेश गर्दै छौ। अहिले हामी छलफलको चरणमा छौ। जहाँबाट के त भन्दा चाहि विधेयक पास भैसकेपछि कस्ता विषय राख्ने त्यसका चाहिने अहिले भएका प्राक्टिसहरु/ अनुभवहरु विश्वका प्राक्टिसहरुलाई हामी एकीकृत गरेर हाम्रो मौलिक समस्यालाई पहिचान गरेर हाम्रा आवश्यकतालाई सम्वोधन र सेवा प्रवाह गर्ने किसिमबाट हामी अगाडि बढ्ने कुरा बल्ल मात्र आउला र बल्ल त्यहाँ हामीहरु पसिसकेपछि को कस्तो विद्यालय आउने नआउने आउने कुरालाई कसरी चै बढी सेवा मुलुक प्रभाव मुलुक समाज सापेक्ष समय सापेक्ष बनाउने भन्ने

कुरा छलफलको कुरा होला र यो अहिले प्रवेशको कुरामा हामीहरु चाहि के त भन्दा त्यहाँ छेकबार गर्ने कुरा भन्नेको मलाई लाग्छ। यो न्याय संगत कुरा विवेक संगत नहोला । हुन त अहिले हामीहरु विवेकलाई बन्धक बनाएर हामी चाहि ज्ञानको माउते भनेर वाणी बिलास गर्नलाई छेक्दैन त्यो चाहि हामी गरिरेको छौ। थुप्रै देखेका छौ तर त्यसले मात्रै निकास दिन्छ के ? यो कुरा पनि त्यतिकै हो र अहिले मलाई लाग्छ यो चाइने के त भन्दा प्रदेश सभा प्रदेश विश्व विद्यालय गठन गर्ने भन्ने कुरामा धेरै कुरा जोडिएको छन। के हामी संघीयतालाई कार्यान्वयन गर्न जाने कि नजाने भन्ने कुरा होला। यहाँको चाहि के हो त भन्दा ब्यावाहारिक र वैज्ञानिक र व्यवसायिक शिक्षालाई हामी अगाडि बढाउने कि नबढाउने भन्ने कुरा होला अनि साँचि न अहिलेको यो चाहि संघीयता मोडेल अनुसार प्रदेश सरकार आफैमा एउटा गभर्मेन्ट हो भन्ने कुराको मेसेज जनतालाई दिने कि नदिने भन्ने कुरा नि होला। त्यसो भको हुनाले यी थुप्रै कुराहरु जोडिदा खेरि चाइने एउटा रिपोर्ट हेर्ने हो। यो धेरै भयो कि भन्ने कुरा मलाई लाग्छ यो कुरा चाहिने अहिले पि.सि.जि.को एउटा रिपोर्ट हेर्ने हो भने पनि नेपालमा अहिले एघार ओटा विश्व विद्यालय छन् तर चार ओटा के त भन्दा चाहि मानिएको विश्वविद्यालय जो चाहि के त भन्दा मेडिकल प्रतिष्ठान जोले चाहिने सम्बन्धन दिन पाउँदैन अब विश्व विद्यालय चाहिने टियू चाहि एकदमै पुरानो जो अहिले पनि अहिले नब्बे हजार बेसी विद्यार्थी छन। हुन त अब लुम्विनी वौद्ध विश्व विद्यालय पनि दुई सय छत्तिस मलाई लाग्छ सवा दुई सय जति विद्यार्थी होला यस्तो किसिमबाट अब अहिले टियू र के रे पूर्वाञ्चल विश्व विद्यालय त्यस्तो गरेर पोखरा विश्व विद्यालय यिनीहरु चाहि केही वेसी कुराहरु यताउति होला तर तहाँ जम्मा यताउति मोटा मोटी हेर्ने बेलामा चार लाखको हाराहारीमा तिन लाख एकासि हजार चानचुन चाइने के त भन्दा

अहिले  के रे विश्व विद्यालय पढ्ने विद्यार्थीहरु छन। के नेपालको आवश्यकता यसले पूर्ति गर्‍याछ त? साँच्चै नै अहिले जब चाहि अब विश्व चाइने उसलाई हेर्ने हो भने अठार देखि छब्बीस बर्ष विश्व विद्यालय अध्ययन गर्ने हो। नेपालको जनसंख्यालाई त्यो हेर्ने हो भने लगभग सत्र प्रसेन्ट भनेको लगभग पचास देखि एकाउन्न लाख चाहि व्यक्ति विश्व विद्यालयमा अध्ययन गर्न जानु पर्ने हो तर हाम्रो डाटाले के देखाउँछ भन्दा जम्मा चार लाख ब्यक्ति के रे त्यो चाहि वरिपरि विश्व विद्यालय गैराखेको छ।यसको थुप्रै कारणहरु होलान् तर एउटा कारण भनेको के हो त भन्दा विदेशीने कुरा थुप्रै छन। विद्यार्थी वाहिर जाने तर के त भन्दा उक्त उपयुक्त खालका चाहि सेलेवसका कुरा देखि लिएर अरु चाहिने के त भन्दा त्यहाँ चाहिने पहुँचका कुरादेखि लिएर यी यस्ता कुराहरु भैरहेको हुनाले स्वभाविकरुपले हामीहरुले यो पोखरा विश्वविद्यालयलाई एउटा सवैका आवश्यकता त्यो वाहिर रहेका चाहिने व्यक्तिहरुलाई पनि समावेस गर्ने खालका त्यो किसिमबाट विश्वविद्यालय तयार गर्नको लागि पक्कै पनि के रे यो गण्डकी प्रदेश यसमा सफल हुनेछ र यसकोलाई पूर्ण समर्थन गर्दै आफ्नो भनाइ अन्त्य गर्छु । धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्यहरु अब म माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुनलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

## माननीय नरदेवी पुन

माननीय सभामुख महोदय, गण्डकी विश्व विद्यालय स्थापना व्यवस्थापन सञ्चालन सम्बन्धी विधेयक माथि छलफल र माननीय सदस्य ज्यूहरुबाट जुन प्रश्न उठेको छ। यसको बारेमा मैले आफ्ना अविब्यक्ति दिनको निम्ति अनुमति चाहन्छु। विशेष गरिकन

गण्डकी प्रदेश सरकारले आफ्नो गठन सरकार गठन लगत्तै गण्डकी प्रदेशमा आफ्नो विश्व विद्यालय सञ्चालन गर्ने अथवा नेपालको शिक्षा जुन हिसावले सञ्चालित छ। यसलाई राम्रो ढङ्गले सञ्चालन गर्न निम्ति यो भन्दा फरक ढङ्गले सञ्चालन गर्नको निम्ति यसलाई अनुसन्धानको थलो बनाउनुको निम्ति प्राज्ञिक व्यक्तिहरु उत्पादन गर्ने थलो बनाउनको निम्ति यसलाई आविस्कार  केन्द्रको रुपमा विकास गर्नको निम्ति यसलाई प्राविधिक जनशक्ति उत्पादन गर्नको निम्ति प्रदेश विश्व विद्यालय सञ्चालन गर्ने उद्घोष गरेको थियो। सोही अनुसार हामी अगाडि बढेका छौ र हामीले अघिल्लो आर्थिक बर्ष ०७४/०७५ मा हामीले  एउटा कार्यदल गठन गरेका थियौं। हामीले कार्यदल गठन गरिराख्दा खेरि हामी नयाँ ठाउँमा जाने वा अहिले सञ्चालित बी.एन, पि.एन, पियू. डब्लु.आर.सी यस्ता ठाउँहरुमा जाने भनेर हामीले छलफल चलाएका थियौ र हाम्रो कार्यदलले सम्बन्धित ठाउँहरुमा गएर छलफल चलाएको थियो तर छलफल चलाइ राख्दा खेरि पि.यू र पि.एनले प्रदेश सरकार मातहत नबस्ने र नेपाल सरकार मातहत बस्नको निमित इच्छुक रहेको र प्रदेश सरकारमा आउन नचाहेको हुनाले हामी फरक ठाउँमा जाने निर्णय गरेका छौ र अहिले यो विश्व विद्यालय जरुरी छ कि छैन भन्ने सन्दर्भमा अहिले संविधानले प्रदेश सरकारलाई उच्च शिक्षाको जिम्मेवारी दिएको छ। अहिले गण्डकी प्रदेशभित्र भएका जति पनि शिक्षाहरु छन। कि त  यो स्थानीय तह मातहत्तमा छ। कि त यो नेपाल सरकार मातहत छन। त्यसो भए प्रदेश सरकार मातहतमा के त? प्रदेश सरकारले शिक्षामा खेल्नु पर्ने भूमिका कहाँ निर खेल्ने भन्ने सन्दर्भमा हामीले प्रदेश विश्व विद्यालयको परिकल्पना गरेको कुरा यहाँहरुको विचमा म जानकारी गराउन चाहन्छु। सँगै पाठयक्रमको कुरा हामीले जब विधेयक पास गर्ने छौ। प्राज्ञिक परिषद् छ। त्यो प्राज्ञिक परिषद्ले  हाम्रो विश्व विद्यालयमा चाहिने पाठयक्रमको बारेमा छलफल चलाउने छ। कस्तो खालको पाठयक्रम बनाउने कस्तो खालको जनशक्ति उत्पादन गर्ने केन्द्र बनाउने भन्ने सवालमा त्यो प्राज्ञिक परिषद्ले के रे पाठ्यक्रम मार्फत अगाडि ल्याउने यहाँहरुको विचमा म जानकारी गराउन

चाहन्छु र अहिले हामीले तिन वटा विशेष गरी तिन वटा हामी न्यासिक परिषद कार्यकारी परिषद प्राज्ञिक परिषद विशेष गरी तिन वटा कुरालाई तिन वटा हाम्रो अंगहरुलाई हामी क्रियाशील बनाएर हाम्रो विश्व विद्यालयलाई असाध्यै राम्रो यो विश्व विद्यालयमा गण्डकी प्रदेशको नागरिकले मात्रै हैन यो विश्व विद्यालय नेपालको नागरिकले मात्रै हैन यो विश्व विद्यालयमा विदेशका विद्यार्थीहरु पनि पढ्न आउने वातावरण सिर्जना गर्नुको निम्ति र यो विश्व विद्यालयमा राजनितिक हस्तक्षेप मुक्त विश्व विद्यालय बनाउनको निम्ति प्रदेश सरकारले परिकल्पना गरेको कुरा यहाँहरुको विचमा जानकारी गराउन चाहन्छु। यति कुरा राख्दै म आफ्नो भनाइलाई अन्त गर्न चाहन्छु।

धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्यहरु अब यो छलफल यही समाप्त हुन्छ। माननीय सदस्यहरु अब म माननीय सदस्य श्री डोबाटे विश्वकर्मालाई आफ्नो संशोधन प्रस्तावको क्रम संख्या एकमा रहेको दफा सातको उपदफा दुई (क) सम्म सम्बन्धित संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भन्ने सो को लागि समय उपलब्ध गराउँछु।

## माननीय डोबाटे विश्वकर्मा

सभामुख महोदय, यस गण्डकी विश्व विद्यालय स्थापना ब्यवस्था र सञ्चालन गर्न विधेयक सदनमा प्रस्तुत भैइरहदा मलाई धेरै पुरानो यादहरु आएको छ। हामीले यो देशमा गरिब जनता, दलित जनता पिछडिएका जनता उत्पीडनमा परेका जनतालाई सामानुपातिक, समाबेसी र उनीहरुलाई अधिकार प्राप्त गर्नुपर्छ भने र हामी सम्पूर्ण क्रियाशील राजनीतिक दलहरु र सम्पूर्ण नेपालका नागरिकहरु र यो देशका दलितहरु पिछिडिएका वर्ग र समुदायले पनि लामो समय सम्म आन्दोलन गर्दै आए र हामीले पनि हक अधिकार पाउनु पर्छ भनेर चाहि हामीले आन्दोलन गर्दै आयौँ र सबै राजनिति दलहरु

भन्न्नुभयो सबै वर्ग र समुदायलाई राज्यको पहुँचमा पुऱ्याउनु पर्छ। अधिकार प्राप्त गर्नु पर्छ भनेर सबैले ठुल ठुला भाषण गरेको इतिहास साँची छ तर त्यसलाई अहिले मलाई सम्झना आको छ। त्यही फलस्वरुप अनुसार २०७२ सालको संविधान जारी गर्न  सफल भयौँ। त्यस संविधान जारी गर्दाखेरि पनि दलितका हक अधिकार महिलाका हक अधिकार लगायतका विभिन्न हक अधिकारलाई संविधानमा लेख्नका निम्ती पनि त्यति खेर ठुलै अप्ठ्यारो कसरतहरु भएको थियो। त्यतिबेला पनि दलित सांसदहरु संविधानसभामा उपस्थित भैरहँदाखेरि त्यो बेला पनि निकै ठूलो कसरत गर्नु परेको थियो। त्यो दलित सांसदहरुले त्यो बेला पनि ठुलै आवाज उठाउदा नसकेको भएर दलितका सम्पूर्ण राजनिति दलमा आस्था राख्ने दलितहरुले संघ र समिति गठन गरेर दवाव दिन नसकेको भए हुँदि त्यो बेलामा पनि दलितको हक अधिकारमा संविधानमा लेख्न नसकिने रैछ भन्ने कुरा मलाई अहिले सम्झना आइरहेको छ। सभामुख महोदय, आज यो हाम्रो सदनमा प्रदेश सभामा झन्डै झन्डै २५/२६ वटा विधेयकहरु पास भएर पेश भएर पास भएको अवस्था छ। त्यही सन्दर्भमा हामीले पटक-पटक मैले सदनमा उठाउँदै आए कमसेकम समावेशी सिद्धान्तलाई चाहि हामीले अघि बढाउनु पर्छ भने र मैले पटक-पटक उठाउँदै आएको थिए त्यही सन्दर्भमा यो गण्डकी विश्व विद्यालयको विधेयकको सन्दर्भमा  पनि मैले जोडदार माग गरे उठाएँ  तथापि ती कुरा संवोधन हुनु सकेन। त्यही सन्दर्भमा म र माननीय सरिता गुरुङ्ग भएर २०७६/०४/२१ गते यस सदनमा हामीले संसोधन प्रस्ताव पेश गरेका थियौँ बुँदा नम्बर परिच्छेद ४ को सात न्यासिक परिषद् गठनको सन्दर्भमा र तिनको दफा २ को खण्ड ग को ग बमोजिम सदस्यहरुमा आवश्यकता अनुसार वढीमा तिन जना विदेशी नागरिक राख्ने सन्दर्भ र यो दशको उपदफा २ को खण्ड ग बमोजिम नियुक्ती  सदस्य कार्य क्षमता अभाव र खराब आचरणको सम्बन्धमा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तब्य पालना नगरेको बदनियतपूर्वक काम कारवाही गर्ने वा शारिरीक मानसिक आवश्यक काम आफ्नो दायित्व जिम्मेवारी पूरा गर्न असमर्थ रह्यो भने सन्दर्भमा मुख्यन्यायधि बक्ताको संयोजकत्वमा भन्ने सन्दर्भलाई हामीले तीन वटा बुँदामा चाहि संशोधन प्रस्ताव सदनमा

दर्ता गराएका थिएम र हामीलाई आशा र विश्वास थियो। यो निश्चय पनि विधायन समितिबाट यो विषयमा निश्चय पनि संवोधन होला भन्ने हामीलाई विश्वास थियो तर यसमा धेरै विधायन समितिबाट छलफल गरेर ल्याउनुभएको छ र मलाई अहिले पनि लागि राखेको छ कि गण्डकी प्रदेश सरकार अहिले पनि दलितहरु प्रति उदासिन छ भन्ने मलाई लाग्दछ किन भने मैले गण्डकी प्रदेश सरकार र विधायन समितिलाई धन्यवाद दिनु पर्ने हुन्छ किन भने उहाँहरुले समावेशी सिद्धान्तलाई मध्यनजर गर्नुभन्दा पनि अझै गैरदलित समुदायलाई नै भाग नपुगेको कारणले पन्ध्र जना पुर्‍याउन सक्ने सफल हुनु भए छ। त्यसको लागि पनि म गण्डकी प्रदेश सरकार र विधायन समितिलाई धन्यवाद दिन चाहन्छु र अर्को कुरा एउटा पनि दलितले यसमा र समुदाय र समावेशी सिद्धान्तलाई कायम गर्न नसकेको कारणले पनि गण्डकी प्रदेश सरकार र विधायन समितिलाई धन्यवाद दिदै मेरो यो संसोधन प्रस्ताव फिर्ता नहुने व्यहोरा अनुरोध गर्छु। धन्यवाद जयनेपाल।

## माननीय सभामुख

माननीय सदस्यहरु गण्डकी विश्व विद्यालयको स्थापना, व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयकका संशोधन प्रस्तावकर्ता माननीय श्री दोबाटे विश्व कर्माले प्रस्तुत गर्नु भएको संशोधन प्रस्ताव फिर्ता लिन अस्वीकार गर्नु भएककोले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्न्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

हुन्छ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होस।

हुन्न।

हुन्न भन्ने माननीय सदस्यहरुको बहुमत भएकोले उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु। अब म गण्डकी विश्व विद्यालयको स्थापना ब्यवस्थापन र सञ्चालन गर्ने बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रम संख्या १देखि १८ सम्म उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने  माननीय सदस्यहरुले हुन्छ भन्न्नुहोला र यसको विपक्षमा  हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस्।

हुन्छ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होस।

हुन्न।

हुन्छ भन्ने माननीय सदस्यहरुको बहुमत भएकोले गण्डकी विश्वविद्यालयको स्थापना व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधन क्रम संख्या १देखि १८सम्म उल्लेखित संशोधन बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब म गण्डकी विश्व विद्यालयको स्थापना व्यवस्थापन र सञ्चालन गर्नु  भनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रम संख्या १देखि १८ सम्म उल्लेखित संशोधन गण्डकी विश्व विद्यालयको स्थापना व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने  माननीय सदस्यहरुले हुन्छ भन्न्नुहोला र यसको विपक्षमा  हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस्। हुन्छ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होस्। हुन्न।

हुन्छ भन्ने माननीय सदस्यहरुको बहुमत भएकोले गण्डकी विश्व विद्यालयको स्थापना व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रम संख्या १ देखि १८ सम्म उल्लेखित संशोधन बहुमतले गण्डकी विश्व विद्यालयको स्थापना व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब म विधेयकको दफा १ देखि ३९ उनन्चालिस सम्म गण्डकी विश्व विद्यालयको स्थापना व्यवस्थापन र सञ्चालन गर्न भनेको विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्न्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस्।

हुन्छ भन्ने आवाज आयो।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस्।

हुन्न भन्ने आवाज आयो।

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको **बहुमत भएकोले** विधेयकको दफा १ देखि ३९ सम्म बहुमतले गण्डकी विश्व विद्यालयको स्थापना व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु। माननीय सदस्यहरु अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

**प्रस्तावनाः** समृद्ध राष्ट्र निर्माण गर्न जीवन उपयोगी मुल्य मान्यतामा आधारित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम जनशक्ति तयार गर्न गुणस्तरीय शिक्षा

प्रदान गर्ने उद्देश्यले गण्डकी विश्व विद्यालय स्थापना गरी सञ्चालन गर्न बाञ्छनीय भएकोले गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भः**

१. यस ऐनको नाम गण्डकी विश्वविद्यालय ऐन २०७६ रहेको छ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

अब म विधेयकको प्रस्तावना र नाम गण्डकी विश्व विद्यालयको स्थापना व्यवस्थापन र सञ्चालन गर्न भनेको विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने  माननीय सदस्यहरुले हुन्छ भन्न्नुहोला र यसको विपक्षमा  हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस्।

हुन्छ भन्ने आवाज आयो।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस्।

हुन्न भन्ने आवाज आयो।

हुन्छ भन्ने माननीय सदस्यहरुको **बहुमत भएकोले** यो विधेयकको प्रस्तावना र नाम बहुमतले गण्डकी विश्वविद्यालय स्थापना व्यवस्थापन र सञ्चालन गर्न बनेको **विधेयकको अङ्ग बनेको घोषणा** गर्दछु।

माननीय सदस्यहरु अब म माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुनलाई गण्डकी विश्व विद्यालयको स्थापना व्यवस्थापन र सञ्चालन गर्न भनेको विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

## माननीय नरदेवी पुन

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ साल साउन १९ गते वसेको वैठकमा प्रस्तुत भई दफाबार छलफलको लागि विधायन समितिमा पठाएकोमा समितिबाट प्रतिवेदन सहित प्राप्त भएको गण्डकी विश्वविद्यालयको स्थापना व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम विधायन समितिको प्रतिवेदन सहित विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्न्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्न्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

हुन्छ भन्ने आवाज आयो।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज आयो।

हुन्छ भन्ने माननीय सदस्यहरुको **बहुमत भएकोले** गण्डकी विश्व विद्यालयको स्थापना व्यवस्थापन र सञ्चालन गर्न बनेको **विधेयक बहुमतले पारित भएको घोषणा** गर्दछु।

अब म अर्थ तथा विकास समितिको सभापत्ति माननीय श्री दिपक कोइरालालाई आफ्नो भनाइ सहित समितिको बार्षिक प्रतिवेदन सहित सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु।

## माननीय दीपक कोइराला

माननीय सभामुख महोदय, समितिको तर्फबाट बार्षिक प्रतिवेदन पेश गर्न यहाँ उपस्थित भएको छु।खास गरिकन हामीले यो अवधिमा स्थापना कालको अवधि भएको कारणले पनि धेरै कुराहरु ब्यवस्थित गरेर त्यसलाई समयमा नै कामहरु सम्पन्न गर्ने कुराहरुमा कतिपय सन्दर्भहरु नमिले नमिलेको अनुभुति हामीले गरिरहेका छौ। समितिको तर्फबाट यो बार्षिक प्रतिवेदन पेश गर्ने समय उपलब्ध गराउनु भएकोमा माननीय सभामुखज्यू प्रति हार्दिक आभार ब्यक्त गर्दछु।

माननीय सभामुख महोदय,

सर्वप्रथम सामन्ती, निरङ्कुश, केन्द्रीकृत एकात्मक राज्य व्यवस्थाका विरुद्ध, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनार्थ भएका विभिन्न आन्दोलनहरु जनयुद्ध, जनआन्दोलन लगायत विभिन्न संघर्षहरुमा आफ्नो प्राण आहुती दिनु हुने गर्नुहुने महान शहिदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु । साथै सोही आन्दोलनको क्रममा तत्कालीन राज्य व्यवस्थाद्धारा बेपत्ता बनाइनु भएका बेपत्ता योद्धाहरु प्रति विशेष सम्मान व्यक्त गर्दछु एवं घाइते अपाङ्ग योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

माननीय सभामुख महोदय,

गण्डकी प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ अनुसार गठन हुने विभिन्न समितिहरु मध्ये अर्थ तथा विकास समिति एक महत्वपूर्ण समिति हो । गण्डकी प्रदेश सरकारका विकास निर्माण संग सम्बन्धित महत्वपूर्ण मन्त्रालयहरु - आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रलाय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयहरुसंग सम्बन्धित विषय क्षेत्रहरु यस समितिको कार्य क्षेत्र भित्र पर्दछन्।

मिति २०७५ बैशाख १४ गते समितिमा सभापतिको निर्वाचनको प्रक्रिया प्रारम्भ गरी समितिले आफ्नो कार्यको थालनी गरेको थियो । २०७५ बैशाख १६ गते समितिको

सभापतिको निर्वाचन सर्वसम्मत रुपमा सम्पन्न भै समितिले औपचारिक रुपमा समितिको काम कारवाहीलाई नियमित र व्यवस्थित गर्ने निर्णय गर्दै कार्य प्रारम्भ गरेको जानकारी गराउँदछु ।

समितिको कार्यक्षेत्र भित्र पर्ने चार वटै मन्त्रालयहरुको आ.व. २०७४/७५ मा चालु रहेका आयोजनाहरुको विवरण तथा कार्य सम्पादनको अवस्था र प्रगति विवरण माग गर्ने निर्णय गर्दै ठोस र मूर्त कार्यको थालनीको शुरुवात गरियो। शुरुवाती दिनहरुमा हाम्रा आफ्नै पनि अनुभवको कमि, मन्त्रालयहरुको स्थापनाको प्रारम्भिक अवस्था आदि विभिन्न कारणले समयमा मन्त्रालयहरुबाट समितिको निर्णय कार्यान्वयन हुन सकेन र पुन: सोही निर्णय समितिले दोहोर्याउनु पर्ने अवस्था सिर्जना भयो तर पछिल्ला दिनहरुमा समितिको निर्णयहरुमा मन्त्रालयको सहभागिता बढदै गई रहेको पनि माननीय सभामुख मार्फत यस सभालाई जानकारी गराउँदछु ।

माननीय सभामुख महोदय,

दुखका साथ भन्नु पर्दछ समिति गठन भएर क्रियाशील भएको यस अवधिमा समितिले यस अवधिमा भन्नाले यस आर्थिक वर्षको कुरा हो र यस आर्थिक वर्षभन्दा यतापनि हामी क्रियाकलापहरु अगाडि बढाइरहेका छौं। समितिले १८ वटा बैठक सम्पन्न गर्दै आफ्नो निर्णयको कार्यान्वयन तथा कार्यक्षेत्र भित्र पर्ने विभिन्न कार्यहरुको कार्य सम्पादन गर्दै आई रहेको छ तर आज सम्म पनि समितिले व्यवस्थित कार्य सम्पादन गर्ने कार्यकक्ष त परै जाओस् सामान्य रुपको कार्यकक्ष समेत प्राप्त गर्न सकेको छैन । यद्यपि समितिको क्रियाशीलतामा भने बढाउँदै लगिएको पनि म यस सभा समक्ष जानकारी गराउन चाहन्छु ।

यस अवधिमा समितिले यस अवधि भन्नाले यो अघिल्लो आर्थिक वर्षको अवधि हो। यस अवधिमा समितिले १८ वटा बैठक सम्पन्न गरेको छ । जस मध्ये आर्थिक मामिला तथा योजना मन्त्रालयसंग २ पटक, भौतिक पूर्वाधार विकास मन्त्रालयसंग १ पटक, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयसंग २ पटक, उद्योग पर्यटन वन तथा वातावरण

मन्त्रालयसंग १ पटक, ढुङ्गा गिट्टी बालुवा उत्खनन संकलन क्रसिङ्ग र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालन गर्ने बनेको कार्यविधि, २०७५ अन्तर्गतको अनुगमन समितिसंग १ पटक गरी ७ पटक विभिन्न मन्त्रालय तथा सम्बन्धित पक्षहरुसंग सम्बन्धित विषयहरुमा छलफल, अन्तरक्रिया, आवश्यक राय, सल्लाह, सुझाव र निर्देशन दिने काम सम्पन्न गरेको छ। यो अघिल्लो आर्थिक वर्षमा र त्यसपछि पनि हामीले यो नयाँ आर्थिक वर्षमा पोखरामा सञ्चाचालनमा रहेका मिटर ट्याक्सीको सम्बन्धमा र भ्रमण वर्षको सम्बन्धमा सम्बन्धित मन्त्रालयहरुसँग छलफलका कामहरु अगाडि बढाउने र आवश्यक निर्देशनहरु गरेका छौँ। गोरखकाली रबर उद्योग, गोरखा, गुठीको समस्या म्याग्दी, गिट्टी बालुवा उत्खनन् तथा क्रसर उद्योगको अनुगमन म्याग्दी, पर्वत र बाग्लुङ्गको स्थलगत अध्ययन तथा सम्बन्धित विषयमा मन्त्रालयहरुलाई आवश्यक राय सल्लाह सुझाव र निर्देशन दिने कार्यहरु सम्पन्न भएका छन्।

गोरखकाली रबर उद्योग संघ सरकारको कार्यक्षेत्रमा पर्दछ तर हाम्रै प्रदेशको भूगोल भित्र रहेको र वर्षौंदेखि बन्द अवस्थामा रहेको तथा आगामी दिनमा पनि सोही अवस्थामा रही रहेमा राष्ट्रिय पुँजीमा ठूलो क्षति हुने हुनाले समितिले वास्तविकता बुझ्न अध्ययन गरेको थियो र सो सम्बन्धी सुझाव सहितको प्रतिवेदन सम्बन्धित मन्त्रालयलाई बुझाइएको पनि म जानकारी गराउँदछु । झण्डै २०० वर्ष पुरानो म्याग्दी जिल्लाको रघुगंगा गाउँपालिकामा करिब १५ हजार रोपनी जमिन, ४ हजार भन्दा बढी घरधुरी प्रभावित रहेको मुक्तिनाथ सदावर्त तथा बोगटी गुठीको बारेमा समितिले स्थलगत अध्ययन गरेको छ।

प्राकृतिक स्रोत साधनको दोहन गर्ने कार्य आज राष्ट्रिय समस्या कै रुपमा बन्न पुगेको छ। हाम्रो प्रदेश पनि त्योबाट अछुतो नरहेको कुरा त सबै माननीयज्यूहरुलाई अवगतै छ। यसै सिलसिलामा समितिले म्याग्दी, बाग्लुङ्ग र पर्वतमा संचालित गिट्टी, बालुवा उत्खनन् तथा क्रसर उद्योग संचालनको स्थलगत अध्ययन गरी सम्बन्धित मन्त्रालय एवं ढुङ्गा गिट्टी बालुवा उत्खनन संकलन क्रसिङ्ग र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र

संचालन गर्न बनेको कार्यविधि, २०७५ अन्तर्गतको अनुगमन समितिलाई आवश्यक निर्देशनहरु दिने कामहरु पनि सम्पन्न भएको छ ।

अर्थ समितिको समेत कार्यभार यस समितिसंग भएको सन्दर्भमा प्रदेश सरकारको नीति कार्यक्रम र बजेट आउनु पूर्व समितिले बजेट निर्माण तथा कार्यान्वयनमा देखा परेका समस्याहरु र समाधानका उपायहरुको बारेमा प्रदेश अन्तर्गतका ११ वटा जिल्लाका स्थानीय तहहरु सहित सम्बन्धित सरोकारवाला पक्षहरुलाई समावेश गरी तनहुँ, बाग्लुङ्ग र कास्कीमा गरी तीन स्थानमा प्रि-बजेट छलफल संचालन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई आवश्यक राय सल्लाह सुझाव तथा आवश्यक निर्देशन दिने कार्य समेत सम्पन्न गरिएको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले वितरण गरेको अनुदानका विषयमा समितिले मन्त्रालयसंग आवश्यक छलफल गर्नुका साथै नमूना कृषि अनुदान वितरणको कार्यविधिलाई सुधार गरी अनुदान रकमको सही सदुपयोग तथा अनुदान रकमलाई बास्तविक कृषक समक्ष पुग्ने वातावरण निर्माण गर्ने कार्य पनि सम्पन्न गरेको छ । अनुदानलाई प्रभावकारी रुपमा परिणाममुखी वितरण गर्न कार्यविधिलाई सच्याउन समेत निर्देशन गर्ने काम पनि सम्पन्न भएको छ ।

माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७५/०७६ मा बजेट कार्यान्वयनको अवस्था शुरुका दिनहरुमा सन्तोषजनक नरहेको सन्दर्भमा मन्त्रालयहरुलाई छलफलमा बोलाई कार्यविधि निर्देशिकाहरु समयमा बनाउन समितिले निर्देशन गरेको भए पनि सोचे जस्तो समयमा यी कार्यहरु सम्पन्न हुन नसक्दा बजेट कार्यान्वयन समयमा हुन नसकेको यथार्थता हाम्रो सामु उपस्थित छ तर पनि जे जति कार्यहरु आर्थिक वर्षको अन्त्यमा सम्पन्न भए समितिको बारम्बारको प्रयास राय, सल्लाह, सुझाव र निर्देशनहरु यसमा महत्वपूर्ण भएको छ भन्ने म ठान्दछु ।

अब चालु आर्थिक वर्षको बजेट कार्यान्वयनमा सम्बन्धित मन्त्रालयहरुको आयोजनाहरुमा समयमा किन अघि बढ्न सकेनन् भन्ने प्रश्नको जवाफमा मन्त्रालयहरुले

कार्यविधि तथा कर्मचारीहरुको समस्या देखाउने छैनन् र समयमा नै आयोजनाहरु सम्पन्न हुनेछन् भन्ने विश्वास राख्दछु र निर्माणकार्यहरु गुणस्तरीय हुनेछन् भन्ने कुरामा पनि समिति विश्वस्त रहेको कुरा जानकारी गराउन चाहन्छु ।

माननीय सभामुख महोदय, सरकारको काम कारवाहीलाई खाली औंला ठड्याउने, कमि कमजोरीहरुका बारे प्रश्न गर्ने मात्र होइन रचनात्मक र सिर्जनात्मक रुपले सरकारका कामलाई (सम्बन्धित मन्त्रालयहरु) व्यवस्थित गर्न सहयोग गर्नु पनि समितिको कर्तव्य हुन आउँछ त्यसकारण म विश्वास दिलाउन चाहन्छु कि आगामी दिनहरुमा समितिले सोही अनुसार आफ्नो कार्यहरु अगाडि बढाउने छ र  साथै म अपेक्षा गर्दछु कि सरकार (सम्बन्धित मन्त्रालयहरु) ले पनि समितिका राय सल्लाह सुझाव एवं आवश्यक निर्देशनलाई गम्भीरतापूर्वक लिई समयमा नै कार्यान्वयन गर्नेछन् ।

सरकार, सदन  र समितिहरु अन्ततः एउटै उद्देश्यमा केन्द्रित छन् । त्यो हो समृद्ध प्रदेश निर्माण, यो महान अभियानमा हामी सबै पक्षहरु एकताबद्ध भएर अघि बढौं भन्ने म विशेष अपील पनि गर्न चाहन्छु।

अन्त्यमा, यो समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याउनु हुने माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, समितिका माननीय सदस्यज्यूहरु, प्रदेश सरकार, सम्बन्धित मन्त्रालयहरु, प्रदेश सभाका सचिव एवं सचिवालयका सम्पूर्ण कर्मचारीहरु, मर्यादापालक एवं सुरक्षाकर्मीहरु, समितिको काम कारवाहीहरुलाई आम नागरिक समक्ष सु-सूचित गर्नु हुने संचारकर्मीहरु लगायत सबैमा समितिको तर्फबाट हार्दिक आभार सहित धन्यवाद दिंदै गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को उपनियम ७ बमोजिम सम्मानित सभा समक्ष यो प्रतिवेदन पेश गर्दछु धन्यवाद ।

दिपक कोइराला

सभापति

अर्थ तथा विकास समिति

**माननीय सभामुख**

माननीय सदस्यहरु अब यो बैठक २०७६ साल असोज ९ गते दिनको १ :00 बजे सम्मका लागि स्थगित हुन्छ।